# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका　日本初ネパール語の新聞　First Nepalese Newspaper in Japan








वर्ष १९, अंक ०६, २०८३ वैशाख ०१-१५　Vol. 19, No. 06, April 16-30, 2026


## जापानमा रोजगारी: जहाँ सयौं नेपालीले काम गर्छन्



❑ नेस डेस्क

टोकियो - वैदेशिक रोजगारीका लागि संसारका विभिन्न देशमा जाने क्रममा जापानमा पनि नेपालीहरू आउने क्रम दिनप्रतिदिन बढ्दै गएको छ । जापान आउने नेपालीहरूको संख्यामा आएको बृद्धिसंगै यहाँ नेपालीहरूले झेल्नुपर्ने समस्याहरू पनि क्रमशः बढ्दै गएको पाईन्छ । नेपालीहरूले झेल्नुपर्ने समस्याहरूलाई हेर्दा बिशेषगरी भाषा र रोजगारी मुख्यरूपमा देखिन्छन् । नेपालीहरूका लागि रोजगारी र भाषाको समस्यालाई ध्यानमा राख्दै आफ्नो सेवा सञ्चालन गर्दै आएको एउटा प्रतिष्ठित जापानी कम्पनीको नाम हो- के-लाइन । के-लाइन आफ्नो स्थापना कालदेखिनै जापानमा बस्ने बिदेशीहरूलाई रोजगारी उपलब्ध गराउँदै आएको कम्पनी हो । सुरूका दिनहरूमा यसले जापानमा रहेका ब्राजिलियनहरूलाई रोजगारी उपलब्ध गराउँदै आएको थियो भने पछिल्ला दिनहरूमा नेपालीहरूका लागि काम र भाषाको समस्यालाई मध्यनजर राख्दै रोजगारीको सेवा उपलब्ध गराउँदै आएको छ । हाल ४ सय जनाभन्दा बढी नेपालीहरूलाई जापानको विभिन्न सहरमा काम उपलब्ध गराउँदै आएको »» बाँकी पृष्ठ ७ मा

## नेपाली समुदायको भूमिका उल्लेखनीय-पूर्व राजदूत डा. भट्टराई

❑ नेस डेस्क

टोकियो - गत भदौमा भएको जेन्जी विद्रोह र त्यसको जगमा भएको निर्वाचनबाट नेपाली राजनीतिले नयाँ कोर्स लिएको छ । जसअनुसार करिव दुईतिहाई बहुमतसहितको शक्तिशाली सरकारले राज्य सञ्चालनको बागडोर सम्हालेसंगै नेपाली जनतामा नयाँ आशाको सञ्चार भएको महशुस गर्न थालिएको छ । यसैबीच जापान लगायत विभिन्न मुलुकहरूमा रिक्त रहेको राजदूत नियुक्तिको विषय पनि चर्चामा छ । यस विषयमा जापानमा रहेका नेपालीहरूको पनि चासो र चिन्ता नहुने कुरै भएन । यसै सन्दर्भमा नेपालको कूटनैतिक सेवामा झण्डै चार दशक बिताएका परराष्ट्र मामिलाका जानकार पूर्व परराष्ट्र सचिव एवं परराष्ट्र मन्त्रालयका पूर्व प्रवक्ता, तात्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीका परराष्ट्र मामिला एवम् कूटनीति सम्बन्धि सल्लाहकार, जर्मनी तथा जापानका लागि पूर्व राजदूत डा. मदनकुमार भट्टराईसंग नेपालको परराष्ट्र नीति, राजदूत नियुक्ति प्रक्रियामा प्रचलित अभ्यास र सुधार्नुपर्ने पाटाहरू, जापानका लागि राजदूतमा हुनुपर्ने क्षमता, जापानमा आफु राजदूत हुँदाको अनुभव लगायतका समसामयिक विषयवस्तुमा आधारित रहेर नेपाली समाचारका लागि तिलक मल्लले गरेको भर्च्युअल कुराकानीको सम्पादित अंशः

**नेपालको पछिल्लो विकसित राजनैतिक घटनाक्रमलाई यहाँले कसरी हेरिरहनु भएको छ ?**


डा. मदनकुमार भट्टराई
जापानका लागि पूर्व नेपाली राजदूत

पछिल्लो विकसित घटनाक्रमबाट नेपालमा नसोचिएको आमुल परिवर्तन भएको छ । जसले गर्दा हामीले धेरै पहिलेदेखि नै सुन्दै आएको आमुल पुस्तान्तरण भएको छ भने संभवतः इतिहासमै पहिलोचोटी यतिधेरै पढेलेखेका जमात राजनीतिमा होमिएकोले गुणात्मक परिवर्तन भएको देखिएको छ । राजनीतिमा उदाएको अत्यन्त कम समय अर्थात ३ वर्षमै झण्डै दुईतिहाई बहुमतको नजिक पुगेको नयाँ शक्तिले अनुभवले खारिएका आधा शताब्दि पुराना दलहरूलाई किनाराकृत बनाईदिएको छ । यस्तो विशिष्ट परिस्थितिमा राज्य सञ्चालनको ऐतिहासिक जिम्मेवारी आला, काँचाहरूको हातमा गएको छ, अब के होला, कसो होला »» बाँकी पृष्ठ ८ मा








## सम्पादकीय

# विदेशीका लागि जापान अब सहज रहेन

पछिल्लो समय जापान विदेशी कामदार तथा आप्रवासीका लागि आकर्षक गन्तव्यका रूपमा चिनिँदै आएको थियो । विशेष गरी जनसंख्या घट्दो र श्रमिक अभाव बढ्दो अवस्थामा जापानले विभिन्न भिसा प्रणाली सहज बनाउँदै विदेशी श्रमिक भित्र्याउने नीति अवलम्बन गरेको थियो । तर, हालका दिनहरूमा देखिएका सामाजिक, आर्थिक तथा नीतिगत परिवर्तनहरूले 'जापान विदेशीका लागि अब सहज रहेन' भन्ने धारणा विस्तारै बलियो बन्दै गएको छ ।

सबैभन्दा पहिले, जीवनयापनको लागत अत्यधिक बढ्नु एक प्रमुख कारण बनेको छ । टोकियो लगायत ठूला सहरहरूमा घरभाडा, खाद्यान्न, यातायात तथा अन्य दैनिक आवश्यक वस्तुहरूको मूल्य उल्लेखनीय रूपमा वृद्धि भएको छ । विदेशी श्रमिकहरूको तलब त्यही अनुपातमा नबढ्दा उनीहरू आर्थिक रूपमा दबाबमा परिरहेका छन् । विशेष गरी विद्यार्थी तथा न्यून आय भएका कामदारहरूका लागि जापानमा बसोबास गर्न झन् कठिन हुँदै गएको छ ।

दोस्रो, काम गर्ने वातावरण पनि सबैका लागि अनुकूल छैन । कतिपय कम्पनीहरूमा लामो समयसम्म काम गर्नुपर्ने, ओभरटाइमको उचित पारिश्रमिक नपाउने र कार्यस्थलमा भाषा तथा साँस्कृतिक भिन्नताका कारण समस्या झेल्नुपर्ने अवस्थाहरू अझै विद्यमान छन् । जापानी भाषामा दक्षता नभएमा राम्रो रोजगारी पाउन गाह्रो हुनु अर्को चुनौती हो ।

तेस्रो, प्रशासनिक प्रक्रिया र नियमहरू पनि कहिलेकाँहीं जटिल र कठोर देखिन्छन् । भिसा नवीकरण, निवास अनुमति, कर प्रणाली जस्ता विषयहरूमा सानो त्रुटि हुँदा पनि ठूलो समस्या आउन सक्छ । विदेशीहरूका लागि स्पष्ट जानकारीको अभाव र भाषागत अवरोधले यी प्रक्रियाहरू अझ कठिन बनाइदिन्छ ।

सामाजिक पक्ष पनि कम चुनौतीपूर्ण छैन । जापानी समाजमा अझै पूर्ण रूपमा बहुसाँस्कृतिक स्वीकार्यता विकसित भइसकेको छैन । कतिपय अवस्थामा विदेशीहरूले भेदभाव, अलगाव वा सामाजिक दूरीको अनुभव गर्नुपरेको छ । यद्यपि जापान समग्रमा सुरक्षित र व्यवस्थित देश हो, तर सामाजिक समावेशिताको स्तर अझ सुधार गर्न आवश्यक देखिन्छ ।

तर, यसका बाबजुद जापान पूर्ण रूपमा असहज गन्तव्य बनेको भन्नु उचित नहुन सक्छ । यहाँको सुरक्षा, पूर्वाधार, स्वास्थ्य सेवा र शिक्षा प्रणाली अझै पनि विश्वस्तरका छन् । यदि उचित तयारी, भाषा ज्ञान र जानकारीसहित जापान आउने हो भने अवसरहरू अझै उपलब्ध छन् । अन्ततः, जापानले आफ्नो श्रमिक अभाव समाधान गर्न विदेशीहरूलाई स्वागत गर्ने नीति लिएको भए पनि, व्यवहारमा देखिएका चुनौतीहरू समाधान नगरेसम्म विदेशीका लागि सहज वातावरण सिर्जना गर्न कठिन हुने छ । त्यसैले सरकारले नीतिगत सुधार, श्रमिक अधिकारको संरक्षण र सामाजिक समावेशितामा ध्यान दिनु अत्यावश्यक छ । साथै, विदेशीहरूले पनि जापानी भाषा, सँस्कृति र नियमहरू बुझेर आफूलाई अनुकूल बनाउनुपर्ने आवश्यकता छ ।

जापानमा बस्दै गर्दा यहाँको नियम, कानून र यहाँको मूल्य मान्यतालाई शिरोधार्य गर्दै आफुलाई त्यसअनुरूप ढाल्न विदेशीहरू पनि तयार हुनैपर्दछ । भाषिक क्षमता अभिबृद्धि गरी जापानको श्रमबजारमा सजिलै बिक्न सक्ने गरी आफुलाई अपग्रेड गर्नुपर्दछ । .अलि कठिन जस्तो लाग्ने विदेशी लक्षित परिवर्तित नीति-नियमहरू एकैचोटी आएकोले विदेशी समुदायमा यसले एउटा नयाँ तरंग पैदा गरेको छ । पछिल्ला समयमा परिवर्तित प्रावधान र यसबाट उत्पन्न असहजतालाई आपसी सरसल्लाह तथा विज्ञ-विशेषयज्ञहरूको परामर्श लिएर वुद्धिमत्तापूर्ण ढंगले समाधान गर्दै अगाडि बढ्नुको विकल्प छैन । सत्य-तथ्यमा आधारित सूचना एवं जानकारी लिने र दिने सवालमा पनि हाम्रो समाज अब अलि गम्भीर हुनैपर्छ । सामाजिक सञ्जालमा भेटिएका जबाफदेही हुननपर्ने, आधिकारिकता नभएका बेवारिसे समाचारको बहकाउमा भन्दा आधिकारिकता र प्रमाणित भएका तथ्यमा विश्वास गरौं । सुरूमा अलि असहज लागे पनि जापानले नियमन गर्न लागेको प्रावधानका बारेमा हामी विदेशीहरूले पनि सकारात्मक सहयोग पुग्नेगरी भूमिका खेल्न र सहि सूचना संप्रेषण गर्न जरूरी छ ।




# मानव जातिको उत्पत्ति, विकास र शारीरिक बनावट



## विचार

✍ देबेन्द्र बस्याल

नेपाल एक बहुजातीय, बहुभाषी, बहुधार्मिक र बहुसाँस्कृतिक देश हो । यति सानो देशमा यति धेरै भाषा, धर्म, सँस्कृति र जातजातीहरूको निर्माण कसरी हुन गयो ? विभिन्न जातजाती र भाषाभाषीको निर्माणको परिस्थिति कसरी बन्दै गयो भन्ने प्रश्नको उत्तर खोज्ने प्रयत्न गर्ने छौं आज हामी । तर कतिपय ठूला-ठूला देशहरूमा धेरै जनसंख्या भएपनि किन एउटै खालको भाषा र सँस्कृतिको विकास भएको छ ? विभिन्न जात जातीहरूको शारीरिक बनावट, छालाको रंग, लामो र छोटो नाकको विकास कसरी भयो ? के जातजाती र नाकको आकारले मानव जातिको विकास र एकतामा असर गर्छ ? आज हामी यिनै विषयमा गहन चर्चा गर्ने छौं । नेपालमा धेरै लेखक, साहित्यकार, इतिहासकार तथा बौद्धिक जमातले विभिन्न समय र कालखण्डमा विविध जातजातीको विषयमा लेख रचना तयार गर्नुभएको छ तर ती लेख रचनाहरूले समाजमा कतिपयले राम्रो प्रभाव पारेका छन् भने कपियका लेख रचनाहरूले समाजमा नकारात्मक परिणाम देखाएका छन् । कुनै पनि जातजातीले आफ्नो जातजातीको बारेमा जान्न खोज्नु, थाहा पाउने प्रयत्न गर्नु नराम्रो कुरो होइन तर त्यस प्रकारको, खोज र जिज्ञासाले समाज र मानव विकासमा नकारात्मक असर ल्याउनु निश्चित रूपमा राम्रो हुँदैहोईन । त्यसैले तथ्यहरूका आधारमा सत्य पत्ता लगाएर तयार गरिएका लेख रचनाले नै सही र सकारात्मक परिणाम ल्याउन सक्छन् भन्ने कुरामा हामीले विश्वास गर्नुपर्छ । यदी हामीले विषयवस्तुको गाँठी कुरा पहिल्याउने प्रयत्न गर्‍यौं भने पक्कै पनि रचना तथा हाम्रो खोज उत्कृष्ट बन्न सक्छ र त्यसले हामी र हाम्रो समाज विकासमा राम्रो भूमिका खेल्न सक्छ । त्यसकारण हामीले यहाँ वैज्ञानिक तथ्यहरूका आधारमा मानव जातीको उत्पत्ति, विकास, भाषाको विकास तथा जातजातीको जन्म, नाकको आकारको निर्माणका विषयमा पनि खोतल्ने प्रयास गरिएको छ ।

समय परिवर्तनशिल छ । यो गतिशिल दुनियाँमा समय धेरै छिटोछिटो अघि बढिरहेको छ । अहिले सबैका हात हातमा स्मार्ट फोनहरू उपलब्ध छन् । चाहेको खण्डमा उनीहरूले इमेल, इन्टरनेट तथा एआईको माध्यमबाट संसार र मानव जातीको बारेमा विस्तृत अध्ययन गर्न सक्छन् । आजभन्दा सातलाख वर्ष, तिनलाख साठीहजार वर्ष, एकलाख पचासहजार वर्ष र एकलाख बिसहजार वर्ष पहिला सबै मानवहरूको उत्पत्ति अफ्रिकाको केन्या, नाइजेरियामा भएको थियो त्यहींबाट स्थानान्तरण भएको थियो भन्ने कुरा आजसम्मका वैज्ञानिक अध्ययन र अनुसन्धानले देखाएको छ । लाखौं वर्ष पहिला अफ्रिका महादेश र एशिया महादेश एकआपसमा जोडिएका थिए । हो त्यही समयमा कतिपय मानवहरू अफ्रिकामा खडेरी, भोकमरी आदी समस्याका कारण खाना र सुरक्षित बासस्थानको खोजीमा त्यहाँबाट हिड्न शुरू गरे । मानिसहरू हिड्दै-हिड्दै अहिलेको अरबको खाडी हुँदै भारत आईपुगे । भारतको सिन्धुघाँटी, गुजराततिरबाट केही मानिसहरू कुवेत, इरान हुँदै युरोपतिर लागे भने कतिपय मानिसहरू भारतको केरला हुँदै तिब्बत, चिन, रसिया, जापान, फिलिपिनतिर लागे । र धेरै पछि बिसहजार वर्ष पहिले हिमयुगको समयमा रसियाको आलास्का हुँदै मानिसहरू अमेरिका पुगे । हामीलाई थाहा छ कि पन्ध्रौं शताब्दी सन् १४९२ मा क्रिष्टोफर कोलम्बस युरोपबाट पहिला अमेरिका पुगेको थिए । त्यतिबेला त्यहाँ मानवहरू थिए । आज तिनै कोलम्बसलाई अमेरिका पत्ता लगाएको श्रेय दिइएको छ । यसरी विभिन्न समयमा मानिसहरू अफ्रिकामा पैदा भएर हिंडेरै संसारभरि फैलिन सफल भए । यसरी मानिसहरू हिंड्दै जाँदा कोही चिसो ठाउँमा पुगे भने कोही उष्ण गर्मी ठाउँमा पुगे । ठूला-ठूला वनजंगल, पहाड, भिरपाखा, हिमाल, नदिनाला र समुद्र पार गर्दै मानवहरू निरन्तर हिंडिरहे । लाखौं वर्षको बसाईपछि प्रकृतिले उनीहरूको शारीरिक बनावटमा वातावरणीय भिन्नता उपहार दिंदै गयो । अब हामी लागौं मानिसहरूको नाक किन लामो र छोटो हुँदै गयो ? छाला किन कालो र सेतो भयो ? विभिन्न जातीहरू र भाषा-सँस्कृतिको विकास कसरी भयो ? आदी विषयमा छलफल गरौं । जीव वैज्ञानिक डार्विनको एउटा सिद्धान्त छ नेचुरल सेलेक्शन । कुनै पनि जीवजन्तु लाखौं लाख वर्ष अर्थात लामो समयसम्म एउटै भूगोल र वातावरणमा रह्यो भने प्रकृतिले उनीहरूको ढाँचा निर्माण गर्दछ र त्यहींको वातावरणमा बाँच्न योग्य बनाउँछ । जस्तैः पहेंलो फूल फुलेको बगैंचामा पहेंलै पुतली घुम्नु, रूखको बोक्रा जस्तै किराहरूको विकास हुनु, मरूभूमीमा उँटको विकास हुनु र पैदा हुँदा मानिसको छाला अफ्रिकाको गर्मीमा कालो रंगको थियो । उनीहरूको नाक थेप्चो र चौडा थियो । अहिले पनि अफ्रिकामा रहेका मानिसहरूको रंग र नाक उस्तै नै छ । तर त्यहाँबाट हिंडेका मानिसहरू, कोही अरब, कोही, भारत, कोही, युरोप, कोही रसिया, कोहि अमेरिका त कोही चिन, जापान पुगे । मानिसहरू जहाँ र जस्तो ठाउँमा पुगें त्यो ठाउँको लामो बसाईले उनीहरूको शारीरिक, मानसिक, भाषिक र बौद्धिक विकासमा निकै ठूला विविधता उत्पन्न गरायो ।

यसैगरी जातिको निर्माणमा भूगोल, वंश र साझा सँस्कृतिको भूमिका रहन्छ । भूगोलका साथै प्राचिन समयमा मानिसहरू साना-साना समूहमा अलग-अलग ठाउँमा जस्तैः पहाड, तराई वा उपत्यकामा बस्थे । एउटै भौगोलिक क्षेत्रमा लामो समय बस्दा उनीहरूको आफ्नै विशिष्ट रहनसहन र पहिचान बन्यो । साझा पहिचान जस्तो कि एउटै भाषा, वंश, धर्म र सँस्कृतिको विकास भयो र ती परम्परा मान्ने समूहहरूले आफूलाई एउटा छुट्टै जातिको रूपमा चिन्न थाले जस्तैः नेपालको सन्दर्भमा राई, लिम्बू, मगर, थारू त्यसैगरी संसारभरि यसरी नै जातजाती र भाषा सँस्कृतिको विकास हुँदै गयो आदि ।

यसैगरी भाषाको विकास सम्पर्क र आवश्यकताका कारण भएको हो । अभिव्यक्तिको माध्यम हो भाषा, सुरूमा संकेतबाट सुरू भएको सञ्चार बिस्तारै ध्वनि र शब्दमा परिवर्तन भयो । समाजका सदस्यहरूबीच साझा बुझाईका लागि भाषाको विकास भयो । सुरूमा एउटै समूहमा आए पनि, मानिसहरू अलग-अलग ठाउँमा बाँडिएपछि उनीहरूको बोलीचालीमा भिन्नता आयो । भौगोलिक दूरी हजारौं वर्षसम्म एक-अर्काबाट टाढा रहँदा विभिन्न समूहले आफ्नै नयाँ शब्द र व्याकरण विकास गरे । यसले गर्दा मानव समाजमा सयौं आदिवासी भाषाहरू जन्मिए जस्तैः स्पेनिस, हिन्दी, अंग्रेजी, चिनिया, जापानी, फ्रेन्च र पोर्चुगिज भाषाहरू आदी । नेपालका भाषाहरूको कुरो गर्नुपर्दा मुख्यतया चार भाषा परिवारबाट आएका देखिन्छन्- भारोपेली - जस्तैः नेपाली, मैथिली, भोट-बर्मेली (तामाङ, नेवारी, अग्नेली र द्रविड झाँगड) । प्राकृतिक परिवर्तन भूगोल र समयसँगै एउटै मूल भाषाबाट विभिन्न अपभ्रंश हुँदै नयाँ नयाँ भाषाहरू बने । जस्तै, सँस्कृतबाट अपभ्रंश हुँदै हिन्दी, बंगाली र नेपाली भाषाको विकास भयो । अध्ययनको निष्कर्षमा, जात व्यवस्था कृत्रिम सामाजिक श्रेणीकरण हो भने जाति र भाषा प्राकृतिक रूपमा भूगोल र सामूहिक अनुभवबाट विकसित भएका पहिचान हुन् ।

नाकको बनावटः मानवको नाक कतिपयको लामो, छोटो, थेप्चो वा चुच्चो हुनुको मुख्य कारण भौगोलिक जलवायु र वंशानुगत अनुकूलन हो । हजारौं वर्षसम्म फरक-फरक वातावरणमा बस्दा मानव शरीरले सास फेर्ने हावालाई शरीरको तापक्रमसँग मिलाउन नाकको आकार परिवर्तन गर्दै लग्यो । यसका मुख्य कारणहरूमा जस्तै कि चिसो र सुख्खा जलवायु अर्थात चिसो ठाउँमा बस्ने मानिसहरूको नाक प्रायः लामो र साँघुरो हुन्छ । यसको मुख्य काम बाहिरको चिसो हावालाई फोक्सोसम्म पुग्नुअघि न्यानो र ओसिलो बनाउनु हो । लामो नाकको नलीले हावालाई न्यानो पार्न बढी समय र सतह प्रदान गर्छ । तातो र ओसिलो जलवायु तातो र आर्द्रता बढी भएको ठाउँमा बस्ने मानिसहरूको नाक प्रायः छोटो र चौडा हुन्छ । यस्तो वातावरणमा हावा पहिले नै न्यानो र ओसिलो हुने भएकाले नाकले धेरै कसरत गर्नुपर्दैन । चौडा नाकले सजिलै धेरै हावा भित्र पठाउन र शरीरको तापक्रम सन्तुलनमा राख्न मद्दत गर्छ । वैज्ञानिक थम्प्सनले एउटा नियम प्रतिपादन गरेका थिए । 'सन् १८०० को अन्त्यतिर एन्थ्रोपोलोजिस्ट आर्थर थम्प्सनले यो तथ्य पत्ता लगाएका थिए कि मानिसको नाकको चौडाइ उनीहरू बसेको क्षेत्रको तापक्रम र आर्द्रतासँग प्रत्यक्ष सम्बन्धित हुन्छ ।' वंशानुगत गुण जलवायु बाहेक, आमाबाबुबाट आउने जीनले पनि नाकको आकार निर्धारण गर्छ । नाकको विकासमा विशेषगरी जीनहरूले नाकको डाँडीको चौडाइ र चुच्चोपन नियन्त्रण गर्ने वैज्ञानिक अनुसन्धानले देखाएको छ । त्यसैगरी सुन्दर पुरूष र सुन्दर नारी अर्थात यौन चयनले पनि कुनै समाजमा विशेष प्रकारको महत्व राख्ने हुँदा नाकलाई सुन्दर मानिने र त्यस्तै जोडी रोज्ने क्रम चल्दा पनि पुस्तान्तरण हुँदै जाँदा नाकको आकारमा भिन्नता आयो ।

यसैगरी मानिसको छालाको रंग मुख्यतयाः मेलानिन र वातावरणमा भर पर्छ । घामको असर पनि हो, जो मानिसहरू भूमध्यरेखा नजिकका तातो ठाउँमा बसे जस्तै मध्य र दक्षिण अमेरिका, उनीहरूको छाला सूर्यको हानिकारक पराबैंगनी किरणबाट बच्न गाढा वा कालो हुँदैगयो । जो मानिसहरू उत्तरतिरका चिसो र कम घाम लाग्ने ठाउँमा बसे, उनीहरूको छाला शरीरमा भिटामिन डी बनाउन सजिलो होस् भनेर गोरो वा हल्का भयो ।

आज हामी मानव जाती एक आपसमा लडिरहेका छौं, एक आपसमा कालो, गोरो, राम्रो नराम्रो, लामो नाक र छोटो नाक भाषा र सँस्कृतिको घमण्ड देखाएर एकआपसमा विभाजित भएका छौं तर वास्तवमा नाक, भाषा, शारीरिक बनोट र धर्म सँस्कृति भन्ने कुरा मानव सम्बन्ध भन्दा ठूला कुरा होईनन् ।

# जापानमा अब सीपसँगै भाषा दक्षता पनि अनिवार्य




❑ नेस संवाददाता

टोकियो – जापान सरकारले विदेशी नागरिकहरूका लागि सबैभन्दा प्रचलित 'दक्ष कामदार' भिसाको नियममा कडाइ गर्दै भाषा दक्षताको प्रमाणपत्र अनिवार्य गरेको छ । बुधबारदेखि लागू भएको नयाँ निर्देशिका अनुसार, 'इन्जिनियर/स्पेशलिस्ट इन ह्युमानिटिज/इन्टरनेशनल सर्भिसेस' (गिजिन्कोकु) भिसा आवेदन दिने विदेशीहरूले अब आफ्नो भाषिक क्षमता प्रमाणित गर्नुपर्नेछ ।

विशेष गरी दोभासे, अनुवादक, कम्पनी कर्मचारी र होटल क्षेत्रमा कार्यरत विदेशी नागरिकहरू, जसको काममा भाषाको प्रयोग मुख्य हुन्छ, उनीहरूका लागि यो नियम अनिवार्य गरिएको हो । जापानी न्याय मन्त्रालयका अनुसार, आवेदकले जापानी भाषा तर्फ 'जापानी भाषा दक्षता परीक्षा' (जेएलपीटी) को 'एन २' स्तर वा 'बिजनेस जापानी भाषा परीक्षा' (बिजेटी) मा ४०० भन्दा बढी अंक प्राप्त गरेको हुनुपर्ने छ । यो मापदण्ड अन्तर्राष्ट्रिय स्तरको 'सिईएफआर बि २' सरह मानिन्छ ।

अध्यागमन अधिकारीहरूका अनुसार, कतिपय विदेशी कामदारहरूले दक्ष विधामा भिसा प्राप्त गर्ने तर वास्तवमा अदक्ष वा सम्बन्धहीन काम गर्ने गरेको पाइएपछि सरकारले यो कदम चालेको हो । नयाँ नियम अनुसार, जापानमा कार्यरत रहेकै अवस्थामा पेशा परिवर्तन गर्दा वा भाषाको प्रयोग हुने नयाँ जिम्मेवारी पाउँदा पनि भाषा दक्षताको प्रमाण पेश गर्नुपर्नेछ । यसका साथै, कामदार पठाउने र लिने दुवै कम्पनीहरूले विदेशी कामदारलाई आफ्नो भिसाको दायराभन्दा बाहिरको काममा नलगाउने भनी लिखित प्रतिबद्धता समेत जनाउनुपर्ने प्रावधान थपिएको छ । नयाँ नियममा केही वर्गलाई भने सहुलियत दिइएको छ । जापानका विश्वविद्यालय वा प्राविधिक विद्यालयबाट स्नातक गरेका, जापानमै विद्यालय स्तरको अनिवार्य शिक्षा पूरा गरेका वा २० वर्षभन्दा बढी समयदेखि जापानमा बसोबास गरिरहेका दीर्घकालीन बासिन्दाहरूले भाषा परीक्षाको प्रमाणपत्र पेश गर्नुपर्ने छैन । सरकारको यो नयाँ निर्णयले जापानी भाषा परीक्षा प्रणालीमा ठूलो चाप थपिने देखिएको छ । सन् २०२५ को डिसेम्बरमा भएको परीक्षामा विश्वभरबाट रेकर्ड १० लाख ५० हजारभन्दा बढीले आवेदन दिएका थिए । माग अत्यधिक बढेका कारण पछिल्लो समय तोकिएको समय सीमाभन्दा अगाडि नै आवेदन फारम भर्न बन्द हुने गरेको छ ।

# मध्यपूर्व तनावका कारण जापानको पर्यटन क्षेत्र प्रभावित

❑ नेस संवाददाता

टोकियो – अमेरिका-इजरायल र इरानबीच जारी युद्धका कारण जापानको फस्टाउँदो पर्यटन उद्योग प्रभावित हुन थालेको छ । मार्च महिनामा कीर्तिमानी संख्यामा विदेशी पर्यटक भित्रिए पनि युद्धका कारण उत्पन्न अनिश्चितताले विशेष गरी युरोपेली पर्यटकहरूले आफ्नो भ्रमण धमाधम रद्द गर्न थालेका छन् ।

इरानसँगको युद्ध र हर्मुज जलसन्धि बन्द भएका कारण मध्यपूर्व हुँदै जापान आउने उडानहरू अवरूद्ध भएका छन् । इन्धनको मूल्य वृद्धि र वैकल्पिक लामो मार्ग प्रयोग गर्नुपर्दा हवाई भाडा आकाशिएको छ । यसले गर्दा युरोप र जापानबीचको यात्रा खर्चिलो बनेपछि पर्यटकहरूले बुकिङ रद्द गरिरहेका छन् ।

जापानको प्रसिद्ध पर्यटकीय क्षेत्र हिदा-ताकायामा (गिफु प्रिफेक्चर) मा मात्रै हालसम्म करिब ४ हजार होटल बुकिङ रद्द भइसकेका छन् । युनेस्को विश्व सम्पदा सूचीमा रहेको 'सिराकावा-गो' गाउँ नजिकैको यस क्षेत्रमा युरोपेली पर्यटकको ठूलो आकर्षण थियो । स्थानीय पर्यटन व्यवसायीका अनुसार एसियाली पर्यटकको तुलनामा युरोपेलीहरू लामो समय (२ देखि ३ रात) बस्ने भएकाले उनीहरूको अभावमा आम्दानीमा ठूलो धक्का लाग्ने देखिएको छ । जापानमा आउने पर्यटकमध्ये ठूलो हिस्सा एसियाली मुलुकको छ । तर, पछिल्लो समय द्विपक्षीय राजनीतिक तनावका कारण चीनबाट आउने पर्यटकको संख्यामा ५६ प्रतिशतले गिरावट आएको छ । हाल जापानमा दक्षिण कोरियाली पर्यटकहरूको संख्या सबैभन्दा बढी छ । पर्यटन विज्ञ साकी इवाताका अनुसार, युरोप र मध्यपूर्वबाट हुने लामो दुरीका उडान प्रभावित भए पनि अमेरिकी पर्यटकहरूका लागि जापान वैकल्पिक गन्तव्य बन्न सक्ने सम्भावना छ ।

यद्यपि, युद्ध लम्बिएमा र हवाई भाडा अझै बढेमा समग्र 'इनबाउन्ड पर्यटन' खर्चमा ठूलो गिरावट आउने त्रास विज्ञहरूले व्यक्त गरेका छन् । जापानी पर्यटन निकायहरूले अब युरोपको सट्टा अन्य क्षेत्रका पर्यटक लोभ्याउन नयाँ रणनीति बनाउन थालेका छन् ।

# जापानमा एकल मृत्युको घटना बढ्दै

❑ नेस संवाददाता

टोकियो – विकसित मुलुक जापानमा 'एक्लोपन' र 'सामाजिक अलगाव' एक गम्भीर मानवीय संकटका रूपमा उब्जिएको छ । जापानको नेसनल पुलिस एजेन्सीले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार सन् २०२५ मा मात्रै ७६ हजार ९ सय ४१ व्यक्तिहरू आफ्नै घरमा मृत अवस्थामा फेला परेका छन् ।

यी सबै व्यक्तिहरू घरमा एक्लै बसोबास गरिरहेका थिए र मृत्युको समयमा उनीहरूको साथमा कोही पनि थिएन । प्रहरीका अनुसार गत वर्ष देशभरि प्रहरीले बुझेका कुल २ लाख ४ हजार ५ सय ६२ शवहरूमध्ये झण्डै एक तिहाइ संख्या यी ' एक्लो मृत्यु' को रहेको छ । तथ्याङ्कले जापानको बुढ्यौली लाग्दै गरेको समाजको भयावह तस्बिर चित्रण गरेको छ । घरमा एक्लै मृत भेटिनेहरूमध्ये ७६ दशमलव ६ प्रतिशत अर्थात् ५८ हजार ९ सय १९ जना ६५ वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिक रहेका छन् । यो संख्या सन् २०२४ को तुलनामा ८ सय ७५ ले बढी हो ।

एक्लै मृत्यु भएकामध्ये धेरैजसोको शव केही दिनभित्रै फेला परे पनि ठूलो संख्यामा शवहरू हप्तौंसम्म बेवारिसे अवस्थामा रहेका थिए । २८ हजार ३ सय ९८ जनाको शव मृत्यु भएकै दिन वा भोलिपल्ट फेला परेको थियो भने १५ हजार ८ सय ६५ जनाको शव २ देखि ३ दिनभित्र फेला परेको थियो । तर, २२ हजार २ सय २२ वटा घटना (कुल संख्याको २८.९ प्रतिशत) यस्ता थिए, जहाँ शव फेला पार्न ८ दिन वा सोभन्दा बढी समय लागेको थियो ।

सरकारले यस्तो ढिलो गरी फेला पारिने मृत्युलाई 'एकल मृत्य' (कोरित्सुशी) भन्ने गरेको छ । यीमध्ये ७ हजार १ सय ४८ जनाको शव एक महिनापछि र २ सय ८ जनाको शव त एक वर्षभन्दा बढी समयपछि मात्र फेला परेको थियो । विज्ञहरूका अनुसार जापानमा घट्दो विवाह दर, एकल परिवारमा बस्ने चाहना र वृद्धवृद्धाको बढ्दो जनसंख्या नै यसको मुख्य कारण हो । विशेष गरी अवकाशपछि पुरूषहरू समाज र छिमेकीबाट टाढिने तथा सामाजिक संवादमा कम संलग्न हुने भएकाले उनीहरूमा 'सामाजिक अलगाव' को जोखिम बढी देखिएको छ ।

# जापानमा गोल्डेन वीकको रौनकता हराउँदै

❑ नेस संवाददाता

टोकियो – जापानको वर्षभरिका लामा विदाहरू मध्यको एक गोल्डेन वीक नजिकिँदै छ । तर गोल्डेन वीकको रौनकता पहिलेकोभन्दा बिस्तारै हराउँदै जान थालेको एक अध्ययनले जनाएको छ ।

औसत घरायसी बचत अहिलेसम्मकै उच्च विन्दुमा पुगेको भए पनि जापानीहरू खर्च गर्ने मामिलामा भने अनुदार बन्दै गएका छन् । हालै सार्वजनिक भएको एक सर्वेक्षण अनुसार जापानको लामो सार्वजनिक बिदा 'गोल्डेन विक' का लागि अधिकांश नागरिकहरूको योजना 'शून्य येन' खर्च गर्ने रहेको छ ।

बढ्दो महँगी र मध्यपूर्वमा जारी तनावका कारण कच्चा तेलको मूल्यमा हुन सक्ने वृद्धिको त्रासले जापानीहरू विलासिता र भ्रमणमा खर्च गर्नुभन्दा भविष्यका लागि बचत गर्नतिर आकर्षित भएका हुन् । मेइजी यासुदा लाइफ इन्स्योरेन्स कम्पनीले अप्रिल १६ मा सार्वजनिक गरेको सर्वेक्षण अनुसार २९ दशमलव ३ प्रतिशत सहभागीले यस वर्षको 'गोल्डेन विक' मा एक पैसा पनि खर्च नगर्ने बताएका छन् । यो संख्या सर्वेक्षणमा सहभागीमध्येकै सबैभन्दा ठूलो हिस्सा हो । झण्डै आधा जनसंख्या (४६ दशमलव ७ प्रतिशत) ले यसपटक बिदामा कतै घुम्न जानुको सट्टा घरमै बस्ने तयारीमा छन् । जापानीहरूको गोजीमा पैसा नभएर खर्च नगरेका भने होइनन् । सर्वेक्षण अनुसार जापानीहरूले आफ्नो जीविकोपार्जन सुरक्षित गर्न बढेको आम्दानीलाई उपभोगमा लगाउनुको सट्टा बचतमा जोड दिइरहेका छन् ।












# विदेशी चालकहरूलाई आकर्षिक गर्दै जापान



❑ नेस संवाददाता

टोकियो – जापानमा पछिल्लो समय सार्वजनिक यातायात क्षेत्रमा जनशक्तिको तीव्र अभाव देखिएपछि बस कम्पनीहरूले विदेशी चालकहरूलाई आकर्षित गर्न थालेका छन् । सवारी चालकहरूको अभावका कारण धेरै स्थानमा बस सेवा कटौती भइरहेका बेला जापानी बस कम्पनीहरूले यो संकट टार्न विदेशी नागरिकलाई तालिम दिएर सडकमा उतार्न थालेका हुन् ।

यसको एउटा सफल उदाहरण बनेकी छिन्, इन्डोनेसियाकी २७ वर्षीया युवती महात्मी रिस्मार्तन्ती । बाल्यकालदेखि नै ठूला सवारी साधन चलाउने रूचि भएकी महात्मी गत सेप्टेम्बरमा जापान आएकी थिइन् । करिब ६ महिनाको अथक प्रयास, कडा प्रशिक्षण र जापानी भाषाको अध्ययनपछि उनले जापानमा बस चलाउने अनुमति (लाइसेन्स) प्राप्त गरिन् । गत मार्च महिनादेखि उनले टोकियो नजिकैको कावासाकी सहरमा स्वतन्त्र रूपमा बस चलाउन सुरू गरेकी छिन् । महात्मी भन्छिन्, ' यो मेरो लागि ठूलो अवसर हो । म यात्रुहरूलाई सुरक्षित रूपमा गन्तव्यमा पुऱ्याउन र उनीहरूको मुहारमा मुस्कान देख्न चाहान्छु ।'

विदेशी चालकहरूका लागि जापानी सडकमा बस गुडाउनु प्राविधिक रूपमा मात्र नभई भाषागत रूपमा पनि ठूलो चुनौती हो । जापानी भाषा र विशिष्ट ट्राफिक नियमहरू सिकाउन विदेशी चालकहरूलाई स्थानीयको तुलनामा दोब्बर समय तालिम दिने गरिएको छ । महात्मीले पनि आफ्नो ड्युटीपछि घरमा घन्टौंसम्म जापानी भाषामा रहेका ड्राइभिङ म्यानुअल र यात्रुलाई गरिने सम्बोधनहरू अभ्यास गर्ने गरेकी थिइन् । जापानका बस कम्पनीहरूका अनुसार हाल कार्यरत करिब ६० प्रतिशत चालकहरू ५० वर्षभन्दा माथिका छन् । ती चालकहरू अवकाश हुने क्रम बढ्दो छ, तर नयाँ पुस्ता यस पेशामा आकर्षित हुन सकेको छैन । विशेषज्ञहरूका अनुसार आगामी केही वर्षभित्र जापानमा करिब ३० हजार बस चालकको अभाव हुने प्रक्षेपण गरिएको छ ।

यही अभावलाई मध्यनजर गर्दै टोक्यु बस जस्ता ठूला कम्पनीहरूले 'स्पेसिफाइड स्किल्ड वर्कर' भिसा अन्तर्गत विदेशी चालकहरू भर्ना गर्न थालेका छन् । कम्पनीहरूले चालकहरूलाई आकर्षित गर्न २ लाख येनसम्मको भर्ना बोनस र अन्य आकर्षक सुविधाहरूको घोषणा समेत गरेका छन् ।

# बालेन सरकार: शासकीय सुधारले गति लिदैं

❑ नेस संवाददाता

काठमाडौं – प्रधानमन्त्री बालेन शाहको नेतृत्वमा सरकार गठन भएको तीन साता बित्दा शासकीय सुधारका लागि अघि सारिएका १०० बुँदे प्रतिबद्धताहरू कार्यान्वयनको चरणमा तीव्र गतिमा अघि बढेका छन् । गत चैत १३ गतेको पहिलो मन्त्रिपरिषद् बैठकले पारित गरेको कार्यसूचीलाई मूर्तरूप दिन सरकारले दैनिक कार्यसम्पादनको नयाँ प्रणाली नै स्थापित गरेको हो ।

सरकारले आफ्ना कामको प्रभावकारिता जाँच्न ' आन्तरिक कार्यदक्षता सञ्जाल' निर्माण गरेको छ । प्रधानमन्त्री कार्यालयका अनुसार हरेक दिन प्रतिबद्धता सूचीका बुँदाहरू पल्टाएर प्रगति समीक्षा गरिन्छ । बिदाका दिनमा समेत प्रधानमन्त्री शाहले पदाधिकारीहरूलाई घरबाटै मन्थन र अवधारणा बनाउन स्पष्ट निर्देशन दिएका छन् । हरेक मन्त्रालयले आफ्ना १० प्रमुख प्राथमिकता, समयसीमा र जिम्मेवार अधिकारी तोकेर कार्ययोजना बुझाइसकेका छन्, जसलाई 'नतिजा व्यवस्थापन महाशाखा' ले निरन्तर अनुगमन गरिरहेको छ । सरकारले गरिब विपन्नका लागि अस्पतालमा नि:शुल्क औषधि र शैया उपलब्ध गराउने कामलाई तीव्रता दिएको छ । जलन पीडितका लागि अस्पतालमा विशेष वार्ड स्थापना, सहकारी पीडितलाई राहत र भन्सारमा थन्किएका सवारीको व्यवस्थापन जस्ता जनसरोकारका विषय सँगसँगै अघि बढेका छन् । भदौ २३ र २४ को जेन-जी आन्दोलनका प्रभावित परिवारलाई न्याय, पुन:स्थापना र रोजगारीका लागि एकीकृत पहल सुरू गरिएको छ, जसका लागि गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयनमा लगिएको छ ।

सरकारले प्रशासनिक भार कम गर्न मन्त्रालयको संख्या १७ मा सीमित गर्ने प्रक्रिया थालेको छ । अनावश्यक बोर्ड, समिति र दोहोरो काम गर्ने निकायहरू खारेज वा एकीकरण गर्न कार्यदलले काम सुरू गरिसकेको छ । सार्वजनिक प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्न संघीय निजामती सेवा विधेयकको मस्यौदा तयार पार्ने र शिक्षकको सिटरोल तथा सुविधा प्रदेशबाटै हुने व्यवस्था मिलाउने जस्ता महत्वपूर्ण निर्णयहरू भएका छन् । प्रधानमन्त्री कार्यालयले बिचौलियामुक्त प्रणाली विकास गर्न विशेष समिति बनाएर काम थालेको छ, जसअन्तर्गत हालसम्म ५ सय ३२ जना बिचौलिया पक्राउ परेका छन् । सूचना प्रविधिको प्रयोगमार्फत पारदर्शिता बढाउन नो अब्जेक्सन सर्टिफिकेटलाई नागरिक एपमा ल्याउने र कर्मचारीको 'डिजिटल प्रोफाइल' बनाउने कार्य अघि बढेको छ । यस्तै, अवैध रूपमा सञ्चालित २८ वटा सट्टेबाजी एप र १० हजार वेबसाइट बन्द गराउन सञ्चार मन्त्रालय सक्रिय भएको छ । किसानको उत्पादनलाई समर्थन मूल्य तोक्ने र उधारो भुक्तानी २५ दिनभित्रै उपलब्ध गराउने योजनामा सरकारले तदारूकता देखाएको छ ।

# विरोधका कारण विदेशी बस्ती बसाल्ने परियोजना रद्ध

❑ नेस संवाददाता

टोकियो – जापानको फुकुओका प्रान्तस्थित आसाकुरा सहरमा विदेशी नागरिकहरूलाई लक्षित गरी निर्माण गर्न लागिएको एउटा महत्वाकांक्षी अपार्टमेन्ट परियोजना रद्द भएको छ । स्थानीय बासिन्दाको सडक प्रदर्शन र सामाजिक सञ्जालमा चलेको तीव्र आप्रवासन विरोधी अभियानपछि यो परियोजना 'ब्याक टु द ड्रइङ बोर्ड' मा फर्किएको हो । सन् २०२४ मा विकासकर्ता कम्पनीले सार्वजनिक गरेको विवरण अनुसार, यस अपार्टमेन्टमा बस्ने बासिन्दाहरूमध्ये करिब ४० प्रतिशत चिनियाँ र अन्य ४० प्रतिशत हङकङ तथा ताइवानका हुने अनुमान गरिएको थियो । सुरूमा सामान्य देखिएको यो मुद्दा गत वर्षको अन्त्यतिर सामाजिक सञ्जालमा भाइरल भएसँगै उग्र बनेको थियो ।

गत डिसेम्बरमा करिब ६० जनाको समूहले जापानी राष्ट्रिय झण्डा बोकेर आसाकुराको सडकमा मार्च गरेका थिए । 'आसाकुरा सहरले आफ्ना नागरिकको सुरक्षा सुनिश्चित गर्नुपर्छ' भन्दै उनीहरूले नाराबाजी गरेका थिए । प्रदर्शनको नेतृत्व गर्नेहरूले यो मुद्दालाई राष्ट्रिय बहसको विषय बनाउन सामाजिक सञ्जालको व्यापक प्रयोग गरेका थिए । विरोध तीव्र बनेपछि विकासकर्ता कम्पनीले कुनै पनि राष्ट्रियताका व्यक्तिलाई युनिटहरू बिक्री गर्ने भन्दै नीति परिवर्तनको प्रयास गरेको थियो । तर, विवाद झन् बढ्दै गएपछि उक्त जग्गाका धनीले आफ्नो जग्गा परियोजनाका लागि दिन नसक्ने अडान लिए । अन्तत: अप्रिल १४ मा जग्गाधनी र विकासकर्ताबीच सहमति भएपछि यो परियोजना पूर्ण रूपमा रद्ध भएको हो । ५० हजार जनसंख्या भएको यो शान्त शहर अहिले जापानभरका आप्रवासन विरोधीहरूको चर्चाको केन्द्र बनेको छ ।

# फेरि "वाम एकता" को चर्चा

❑ नेस संवाददाता

काठमाडौं – विसं २०७४ को निर्वाचनमा करिब दुई-तिहाइ बहुमतसहित सत्ताको बागडोर सम्हालेका कम्युनिस्ट पार्टीहरू २०८२ सम्म आइपुग्दा इतिहासकै कमजोर प्रतिपक्षीय हैसियतमा पुगेका छन् । निर्वाचनमा व्यहोर्नुपरेको अप्रत्याशित धक्का र खुम्चिँदो जनाधारका बीच अस्तित्व रक्षाका लागि यी शक्तिहरूले पुन: 'वाम एकता' को पुरानै रटान सुरू गर्न थालेका छन् । तर, यो एकता कम्युनिस्ट आन्दोलनको पुनरूत्थानका लागि हो या नेतृत्वमाथिको दबाब पन्छाउन, भन्ने प्रश्नले राजनीतिक वृत्त तताएको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' बीच अस्पतालमा भएको भेटघाटले सेलाइसकेको एकताको बहसलाई फेरि सतहमा ल्याइदिएको छ । निर्वाचनमा एमालेले २५ र नेकपाले १८ सिटमा चित्त बुझाउनुपरेपछि प्रचण्डले 'वस्तुगत परिस्थिति' भन्दै एकता र सहकार्यको ब्रिफिङ सुरू गरेका छन् । उनले अस्पताल पुगेर ओलीलाई दुई पटक भेटेपछि दुवै पार्टीका दोस्रो तहका नेताहरूमा समेत मन्थन सुरू भएको हो । नेकपा नेता गिरिराजमणि पोखरेलका अनुसार प्रचण्डले अहिलेको संविधान र व्यवस्था रक्षाका लागि वामपन्थीहरू मिल्नुको विकल्प नरहेको संकेत गरेका छन् । तर, यो सक्रियता केवल राजनीतिक आवश्यकता मात्र नभई दुवै नेतामाथि परिरहेको 'नेतृत्व हस्तान्तरण' को दबाब व्यवस्थापन गर्ने रणनीति हुन सक्ने विश्लेषकहरूको ठम्याइ छ ।

पार्टी एकताको हल्ला चलिरहँदा एमालेको संस्थापन र इतर पक्ष भने यसमा विभाजित देखिएका छन् । एमाले सचिव पद्मा अर्याल र उपाध्यक्ष विष्णु पौडेलले पार्टीको औपचारिक निर्णयविना नै एकताको चर्चा चलाइएको भन्दै आपत्ति जनाएका छन् ।









# महँगी बढेपनि सगरमाथा आरोहीको चाप उस्तै



❑ नेस संवाददाता

काठमाडौं – पश्चिम एसियामा बढ्दो तनाव र त्यसको प्रत्यक्ष असरका रूपमा हवाई भाडामा भएको अस्वभाविक वृद्धिका कारण नेपालको पर्यटन क्षेत्रले दबाब झेल्नु परिरहेको छ । यातायात, आवास र बन्दोबस्तीका सामानको मूल्य वृद्धिले पदयात्रा (ट्रेकिङ) क्षेत्रमा केही सुस्तता देखिए पनि विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणप्रतिको आकर्षण भने अझै मजबुत देखिएको छ ।

पर्यटन व्यवसायीहरूका अनुसार हवाई रूटमा देखिएको अवरोध र इन्धनको मूल्य वृद्धिका कारण ट्रेकिङ बुकिङ अघिल्ला वर्षहरूको तुलनामा करिब ६० प्रतिशतले ओरालो लागेको छ । तर, सगरमाथाको चुचुरो चुम्ने अभिलाषा बोकेका पर्वतारोहीहरूका लागि भने बढेको लागत र कठिन परिस्थितिले कुनै अवरोध सिर्जना गरेको देखिँदैन । सरकारले आगामी सेप्टेम्बर २०२६ देखि लागू हुने गरी सगरमाथा आरोहण शुल्क ११ हजार डलरबाट बढाएर १५ हजार डलर पुऱ्याउने निर्णय गरिसकेको छ । यो वृद्धि र हालैका महँगीका बाबजुद सगरमाथामा आरोहीको चाप घटेको छैन । पर्यटन विभागको पछिल्लो तथ्याङ्क अनुसार शुक्रबारसम्म ३ सय ६० जनाले सगरमाथा आरोहणको अनुमति लिइसकेका छन्, जसबाट करिब ७१ करोड रूपैयाँ राजस्व संकलन भएको छ । गत वर्षको सोही अवधिमा ३ सय ३१ अनुमति जारी हुँदा ४८ करोड रूपैयाँ मात्र राजस्व उठेको थियो ।

यस वर्ष चीनले तिब्बततर्फको उत्तरी मार्ग विदेशी आरोहीका लागि बन्द गरेका कारण पनि अन्तर्राष्ट्रिय आरोहीहरूको ध्यान नेपालतर्फको दक्षिणी मार्गमा केन्द्रीत भएको हो । यस सिजनमा चीन, अमेरिका, बेलायत, भारत, रूस र जापान लगायतका देशका नागरिकहरू सगरमाथातर्फ आकर्षित छन् ।

हवाई भाडा र डलरको मजबुतीका कारण सगरमाथा आरोहणका प्याकेजहरू निकै महँगा भएका छन् । पहिले ३० देखि ३५ हजार डलरमा उपलब्ध हुने सामान्य प्याकेजको मूल्य अहिले न्यूनतम ४५ हजार डलरबाट सुरू हुने गरेको छ । सेभेन समिट ट्रेक्सका प्रबन्ध निर्देशक मिङ्मा शेर्पाका अनुसार विश्व परिस्थिति प्रतिकूल भए पनि आरोहीहरूले आफ्ना योजना रद्द गरेका छैनन् । 'इरान–इजरायल द्वन्द्वले उडानहरू प्रभावित भए पनि सगरमाथाप्रति आरोहीहरूको लगाव अनौठो छ,' शेर्पाले भने ।

# ९ महिनामै १२ खर्ब ६७ अर्ब व्यापार घाटा

❑ नेस संवाददाता

काठमाडौं – चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो नौ महिनामा नेपालको निर्यात व्यापारले नयाँ उचाइ छोएको छ । साउनदेखि चैत मसान्तसम्मको अवधिमा निर्यात १८ दशमलव ४६ प्रतिशतले वृद्धि भई २ खर्ब २२ अर्ब रूपैयाँ पुगेको छ । भन्सार विभागको पछिल्लो तथ्याङ्क अनुसार अघिल्लो वर्षको सोही अवधिमा १ खर्ब ८८ अर्ब १९ करोडको वस्तु निर्यात भएको थियो ।

निर्यातमा देखिएको यो उत्साहजनक वृद्धिको मुख्य आधार भने स्वदेशी उत्पादनभन्दा पनि आयातित कच्चा पदार्थमा आधारित 'पुनः निर्यात' देखिएको छ । विशेषगरी वनस्पति घिउ र तेलको निर्यात उच्च हुँदा समग्र निर्यातको तथ्याङ्क उचालिएको हो ।

९ महिनाको अवधिमा ९० अर्ब ७१ करोड रूपैयाँ बराबरको सोयाबिन तेल मात्रै निर्यात भएको छ, जुन कुल निर्यातको ठूलो हिस्सा हो । तेस्रो मुलुकबाट कच्चा तेल आयात गरी सामान्य प्रशोधनपछि भारततर्फ निर्यात गरिने यस्तो व्यापारको दिगोपनमा भने विज्ञहरूले प्रश्न उठाउँदै आएका छन् । सोयाबिनबाहेक अलैंची (१० अर्ब ७० करोड), कार्पेट (७ अर्ब ४४ करोड) र सूर्यमुखी तेल (६ अर्ब ९४ करोड) निर्यातका मुख्य सूचीमा छन् ।

निर्यात बढे पनि आयातको आकार निकै ठुलो हुँदा व्यापार घाटाको खाडल झन् गहिरिएको छ । चैतसम्म १४ खर्ब ९० अर्ब रूपैयाँ बराबरको वस्तु आयात भएको छ, जुन गत वर्षको तुलनामा १३ दशमलव ८२ प्रतिशतले बढी हो । आयातको सूचीमा पेट्रोलियम पदार्थले सबैभन्दा ठूलो हिस्सा ओगटेको छ । ९ महिनामा २ खर्ब ५० अर्बको इन्धन भित्रिएको छ, जसमा डिजेलको मात्रै हिस्सा १ खर्ब ३ अर्ब ३१ करोड रूपैयाँ छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्नु र बढ्दो उपभोगका कारण इन्धन आयातमा मोटो रकम बाहिरिएको हो । यसका साथै स्मार्टफोन (३३ अर्ब ८२ करोड), सुन (२३ अर्ब ५० करोड) र सवारीसाधन (८३ अर्ब ७ करोड) आयातका प्रमुख आकर्षण रहेका छन् ।

# खाडी क्षेत्रसहित १२ देशमा नयाँ श्रम स्वीकृति खुल्यो

❑ नेस संवाददाता

काठमाडौं – सरकारले डेढ महिनादेखि बन्द रहेको खाडी तथा पश्चिम एसियाका १२ वटा मुलुकको श्रम स्वीकृति पुनः सुचारू गर्ने निर्णय गरेको छ । पश्चिम एसियामा बढेको सुरक्षा चुनौती र युद्धको अवस्थालाई दृष्टिगत गर्दै गत फागुन १७ गतेदेखि लगाइएको प्रतिबन्ध सोमबारदेखि हटाइएको हो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै साउदी अरब, संयुक्त अरब इमिरेट्स (यूएई), कतार, कुवेत, बहराइन, ओमान, इराक, जोर्डन, लेबनान, यमन, टर्की र इजरायलका लागि श्रम स्वीकृति खुला गरेको छ । यस निर्णयसँगै अब नेपाली श्रमिकहरू व्यक्तिगत र संस्थागत दुवै माध्यमबाट ती देशमा वैदेशिक रोजगारीका लागि जान पाउनेछन् । इजरायल, अमेरिका र इरानबीचको तनावका कारण सिर्जित युद्धमय परिस्थितिले गर्दा नेपाली श्रमिकहरूको सुरक्षामा खतरा पर्न सक्ने भन्दै सरकारले फागुन १७ मा श्रम स्वीकृति स्थगन गरेको थियो । तर, परराष्ट्र मन्त्रालयअन्तर्गतको उच्चस्तरीय आपतकालिन प्रतिकार्य कार्यदल (ईआरटी) ले पछिल्लो परिस्थितिको सूक्ष्म अध्ययन गरी ती मुलुकमा रोजगारी खुला गर्न सिफारिस गरेपछि सरकारले यो कदम चालेको हो । परराष्ट्र सचिव अमृतबहादुर राईको संयोजकलत्वमा बसेको ईआरटीको बैठकले ती गन्तव्य मुलुकहरू वैदेशिक रोजगारीका लागि सुरक्षित रहेको र तत्कालका लागि श्रम स्वीकृति खुला गर्न सकिने निष्कर्ष निकालेको थियो ।

# असन अब "नो भेहिकल जोन"

❑ नेस संवाददाता

काठमाडौं – काठमाडौंको ऐतिहासिक एवं व्यापारिक केन्द्र असनले अब आफ्नो पुरानो मौलिकता र शान्त स्वरूप फिर्ता पाउने भएको छ । काठमाडौं महानगरपालिकाले असन क्षेत्रको साँस्कृतिक र सामाजिक गरिमालाई जोगाउन हरेक शनिबार सवारीसाधन निषेध गर्दै 'जीवन्त र समृद्ध असन' कार्यक्रम सुरू गर्ने निर्णय गरेको छ । काठमाडौं महानगरपालिकाका प्रवक्ता एवं सम्पदा समितिका संयोजक नवीन मानन्धरका अनुसार असनलाई 'नो भेहिकल जोन' बनाएर यहाँका मूर्त–अमूर्त सम्पदाको संरक्षण, परम्परागत ज्ञान र सीपको प्रदर्शन तथा स्थानीय जीवनशैलीको प्रवर्द्धन गरिने छ । यसअघि हाँडीगाउँमा सफल परीक्षण गरिएको यही अवधारणालाई अब असनमा पनि विस्तार गर्न लागिएको हो ।

नुनदेखि सुनसम्म र बिउ–बिजनदेखि आयुर्वेदिक औषधि प्राप्त हुने असनको पहिचान पछिल्लो समय सवारी चाप र कोलाहलले धमिलिँदै गएको थियो । महानगरको यो नयाँ पहलले असनलाई केवल बजारका रूपमा मात्र नभई एक खुला संग्रहालयका रूपमा चिनाउने लक्ष्य राखेको छ । शनिबारका दिन असनमा परम्परागत नृत्य, वाद्यवादन, रैथाने खानाका प्रदर्शनी र विभिन्न साँस्कृतिक जात्राहरूको रौनक देख्न पाइनेछ । यस कार्यक्रमले एकातिर वायु प्रदूषण घटाउन र सहरी वातावरण सुधार्न मद्दत पुऱ्याउनेछ भने अर्कोतिर ज्येष्ठ नागरिक र बालबालिकालाई सडकमा निर्धक्क हिंडडुल गर्ने वातावरण सिर्जना गर्नेछ । यसका साथै स्थानीय साना उद्यमी र व्यवसायीहरूको आर्थिक विकासमा समेत टेवा पुग्ने विश्वास लिएको छ । असन आउने आगन्तुकका लागि शनिबारदेखि नै निःशुल्क पिउने पानीको व्यवस्था समेत गरिएको छ । महानगरपालिका र उपत्यका खानेपानी व्यवस्थापन बोर्डको झण्डै २ करोड ६० लाख लागतमा काठमाडौंका ८ स्थानमा अत्याधुनिक 'वाटर एटिएम' जडान गरिएका छन् । नेपाली मौलिक शैलीमा निर्माण गरिएका यी बुथहरूबाट राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसारको शुद्ध पानी उपलब्ध हुनेछ । असनका अतिरिक्त खुलामञ्च, महाबौद्ध, राष्ट्रिय सभागृह र हाँडीगाउँ लगायतका क्षेत्रमा यस्ता एटिएम सञ्चालनमा आएका छन् ।









# बागलुङको लक्ष्मीनारायण मन्दिर सय वर्षमा

❑ नेस संवाददाता

बागलुङ – कुनै पनि धार्मिक स्थल केवल पूजाआजा गर्ने थलो मात्र हुँदैन, त्यो त समाजको इतिहास, कला र सभ्यताको जीवन्त दस्तावेज पनि हो । बागलुङ नगरपालिका-३, नारायण चोकमा अवस्थित लक्ष्मीनारायण मन्दिरले यसै तथ्यलाई चरितार्थ गरिरहेको छ । स्थापनाको एक शताब्दी (१०० वर्ष) पूरा गरेको यो मन्दिर बागलुङको धार्मिक आस्थाको केन्द्र मात्र नभई यहाँको आधुनिक गीत-संगीत र नेवारी सँस्कृतिको 'नर्सरी' समेत बनेको छ ।

विसं १९८३ वैशाख ७ गते (अक्षय तृतीया) का दिन स्थानीय टेकनारायण भारीको अगुवाइमा यस मन्दिरको जग हालिएको थियो । तत्कालीन समयमा १ हजार ३ सय ६२ रुपैयाँ संकलन गरी निर्माण गरिएको यो मन्दिर सामुदायिक एकताको एउटा उत्कृष्ट नमूना हो । मन्दिरको दिगोपनका लागि १६ रोपनी जग्गाबाट सुरु गरिएको अभियान अहिले २२ रोपनीमा फैलिएको छ, जसको आम्दानीले मन्दिरको नित्य पूजा र व्यवस्थापन हुँदै आएको छ ।

मन्दिरको सबैभन्दा विशिष्ट पक्ष यसको सांगीतिक विरासत हो । विसं २००० को दशकमा भारतबाट आएका एक अज्ञात सन्तले यहाँ स्थानीयलाई संगीत सिकाउन सुरु गरेका थिए । उनै सन्तले रोपेको संगीतको बीउले बागलुङमा आधुनिक गायन र वादनको जग बसाल्यो ।

८९ वर्षीय स्थानीय बासिन्दा हरेराम भारीका अनुसार, बागलुङका पुराना पुस्ताका चर्चित गायक तथा संगीतकारहरू मुकुन्द शाक्य, रमेश राजभण्डारी र शुभराम भारी लगायतको सांगीतिक यात्रा यही मन्दिरको आँगनबाट सुरु भएको थियो । आज विभिन्न कला केन्द्रहरू खुले पनि पुराना सर्जकहरूका लागि यो मन्दिर अझै पनि संगीतको पवित्र तीर्थस्थल मानिन्छ ।

बागलुङको नेवार समुदायमा प्रचलित दर्जनौं जात्रा र संस्कृतिहरू यसै मन्दिरसँग अभिन्न रूपमा जोडिएका छन् । प्रसिद्ध हनुमान नाच होस् वा गाईजात्राका अवसरमा निकालिने तायमचा, लाखे नाच, रोपाईं जात्रा वा बास्सा नाच, यी सबैको सुरुवात लक्ष्मीनारायणको पूजा गरेपछि मात्र हुने परम्परा छ । संस्कृतिविद् प्रेम छोटाका अनुसार, यहाँका मौलिक सँस्कृतिहरूलाई संस्थागत गर्न र जोगाउन यो मन्दिरले मेरुदण्डको काम गरेको छ ।

स्थापनाको सय वर्ष पुगेको अवसरमा मन्दिर व्यवस्थापन समितिले यस वर्षलाई 'शताब्दी वर्ष' का रूपमा मनाउने तयारी गरेको छ । समितिका अध्यक्ष जयराम भारीका अनुसार यो वर्षभरि लक्ष्यवर्ती दीप प्रज्ज्वलन, भव्य रथयात्रा र भजनकीर्तन लगायतका विशेष कार्यक्रमहरू आयोजना गरिनेछन् ।

# बेनीको महारानीथानमा चहलपहल बढ्यो

❑ नेस संवाददाता

म्याग्दी – म्याग्दीको बेनी नगरपालिका-७ मा रहेको महारानीथान नयाँ धार्मिक पर्यटकीय स्थलको रूपमा विकास भएको छ । केही वर्षअघिसम्म नगरपालिका र म्याग्दी जिल्लामा सिमित महारानीथानको महत्व प्रचारप्रसार, पूर्वाधार निर्माण र यातायातको सहजताको कारण राष्ट्रिय तथा अन्तरराष्ट्रियकरण भएको हो । पछिल्लो समय म्याग्दीका साथै पर्वत, बागलुङ, कास्की, चितवन, काठमाडौँलगायत ठाउँबाट भक्तजनहरू पूजाआजाका लागि आउने क्रम बढेको महारानी क्षेत्र विकास कोषका कार्यालय सचिव मञ्जु केसी घिमिरेले बताइन् ।

'यसअघि म्याग्दी र पर्वतको जलजलाबाट आउने भक्तजन धेरै थिए,' उनले भनिन्, 'पछिल्लो समय देशभरका ठूला सहरहरूबाट भक्तजनहरू आउन थाल्नुभएको छ ।' नयाँ वर्षको अवसर पारेर मंगलबार महारानीमा पूजाआजाका लागि हालसम्मकै धेरै भक्तजन आएका छन् । बिहानैदेखि दिउँसोसम्म भक्तजनहरूको लाइन लागेको छ । भक्तजनको आगमन वृद्धिसँगै भेटी र चन्दा वापतको आम्दानी बढेको महारानीथान क्षेत्र विकास कोषका सदस्य ललितबहादुर जिसीले बताए । एक वर्षअघि नयाँ कार्यसमिति गठन हुँदा घाटामा रहेको कोषको खातामा हाल रु १० लाख भन्दा बढी संकलन भएको उनले बताए ।



साहित्यकार चन्द्रप्रकाश बानियाले लेखेको 'महारानी' उपन्यासले महारानीथानको ऐतिहासिक र धार्मिक महत्वको उजागर गरेको छ । 'महारानी' उपन्यासले विस २०७७ मा नेपालको प्रसिद्ध मदन पुरस्कार प्राप्त गरेको थियो । पूर्वसांसदसमेत रहेका बानियाँले लेखेको अर्को उपन्यास 'तुलुराजा' मा पनि महारानीथानको प्रसंग उल्लेख छ । यस्तो अवस्थामा सिनेमा साथै महारानीथानको विभिन्न माध्यमबाट प्रचारप्रसार हुन थालेपछि भक्तजनको आगमन बढेको कोषका सदस्य जिसीले बताए ।

उनका अनुसार महारानीमा गरेको भाकल पूरा भएका भक्तजनहरू मंगलबार र शनिबारका दिन बोकाको बली चढाउन आउँछन् । भाकल पूरा गर्न परेवा पनि उडाउने गरिन्छ ।

# बाँदर आतंकबाट किसानहरू प्रताडित

❑ नेस संवाददाता

काठमाडौं – नेपालका पहाडी तथा मध्यपहाडी क्षेत्रका किसानका लागि बाँदर अहिले प्राकृतिक विपत्ति सरह बनेको छ । वर्षौंदेखि सडकदेखि सदनसम्म बाँदर नियन्त्रणका आवाज उठे पनि ठोस नीति र कार्यक्रमको अभावमा किसानको बालीनाली मात्र होइन, उठिबास नै हुने अवस्था सिर्जना भएको छ ।

प्राणीशास्त्रविद्हरूका अनुसार नेपालमा करिब ५ लाखको हाराहारीमा बाँदर रहेको अनुमान छ । त्रिभुवन विश्वविद्यालयले गरेको सर्वेक्षण अनुसार विशेषगरी 'रातो बाँदर' का कारण किसानहरू सबैभन्दा बढी प्रताडित छन् । तथ्याङ्कले के देखाउँछ भने बाँदरले गर्ने कुल क्षतिमध्ये ५३ प्रतिशत हिस्सा मकै बालीको छ । यसबाहेक गहुँ, कोदो, धान र फलफूलमा हुने क्षतिले वार्षिक ५ करोड रुपैयाँभन्दा बढीको नोक्सानी भइरहेको छ ।

बाँदरको बढ्दो संख्या र मानव-बाँदर द्वन्द्व न्यूनीकरणका लागि सरकारले बाँदर बन्ध्याकरण कार्यविधि, २०८२ तयार पारेको छ । पशु सेवा विभागले मन्त्रालयमा पेस गरेको यो कार्यविधि स्वीकृतिको अन्तिम चरणमा छ । प्रतिनिधिसभा सदस्य डा. अच्युतम लामिछानेका अनुसार देशभरका बाँदरको बन्ध्याकरणका लागि करिब ५० देखि ७५ करोड रुपैयाँ बजेट आवश्यक पर्छ । 'यदि बाँदर नियन्त्रण नगर्ने हो भने कृषिमा गरिने लगानी बालुवामा पानी हाले सरह हुन्छ,' उनी तर्क गर्छन् । विज्ञहरूका अनुसार एउटा बाँदरको बन्ध्याकरण गर्न करिब १५ सय रुपैयाँ खर्च लाग्छ । पालिका तहमा बाँदर धपाउन बन्दुक पड्काउने, जाल हाल्ने वा मान्छे हेरालु राख्ने जस्ता परम्परागत उपायहरू असफल भइसकेका छन् ।

# अभिनेता राजेश हमाल अब निर्देशक बन्ने

❑ नेस संवाददाता

काठमाडौं – तीन दशकभन्दा लामो समय नेपाली चलचित्र क्षेत्रमा एकछत्र राज गरेका अभिनेता राजेश हमाल अब नयाँ भूमिकामा देखिने भएका छन् । अभिनयमार्फत लाखौं दर्शकको मन जितेका हमालले आफू अब चलचित्र निर्देशनको यात्रामा अघि बढ्ने खुलासा गरेका हुन् ।

वीरेन्द्रनगरमा जारी 'कर्णाली उत्सव' को सातौं संस्करणअन्तर्गत नखिचिएको सिनेमा सत्रमा बोल्दै हमालले बदलिँदो समय र प्रविधिसँगै आफ्नो रुचि पनि निर्देशनतर्फ मोडिएको बताए । 'समयसँगै सिनेमा हेर्ने दृष्टिकोण, कथा वाचनको शैली र माध्यम बदलिएका छन्,' उनले भने, 'मैले निर्देशन गर्ने चलचित्रमा कथावस्तु मौलिक हुनेछ तर त्यसको प्रस्तुति भने पूर्णतः आधुनिक र विश्वस्तरको हुनेछ ।' पछिल्लो समय सामाजिक सञ्जाल र प्रविधिको विकासले अभिनयलाई सर्वसुलभ बनाएको हमालको ठम्याइ छ । कुनै बेला पर्दामा कलाकारलाई हेर्न महिनौं कुर्नुपर्ने अवस्था रहेकोमा अहिले सबैको हातमा क्यामेरा र अभिनय गर्ने मञ्च पुगेको उनले बताए । 'अहिले हरेक व्यक्तिले कुनै न कुनै रूपमा अभिनय गरिरहेको छ । यस्तो अवस्थामा सिनेमा हलभित्र छिर्ने दर्शकले आम मानिसले गर्नेभन्दा विशिष्ट र फरक अभिनयको अपेक्षा गर्छन्,' हमालले थपे, 'त्यसैले अबका सिनेमाले पात्रको गहिराइ र सन्देशमा ध्यान दिनु जरुरी छ ।' सहरिया परिवेशमा हुर्किए पनि आफूलाई दर्शकले गाउँले र सर्वसाधारण पात्रका रूपमा बढी स्वीकार गरेको उनले स्मरण गरे । 'मैले पर्दामा निभाएका पात्रहरू आम नेपालीको प्रतिनिधित्व गर्ने खालका थिए, जसले मलाई जनताको सुख-दुःख र संघर्षसँग नजिकबाट साक्षात्कार गरायो,' उनले भने ।










# जापानमा रोजगारी ...

»» पृष्ठ १ को बाँकी

के-लाइन संभवत जापानको नेपाली भाषा अनुवादक सुविधा भएको छिटो र सहज ढंगले रोजगारी प्रदायक पहिलो कम्पनी हो ।
टोकियो, कानागावा, चिवा, गुन्मा, आइची, मिय लगायतका सहरमा के-लाइनले आफ्नो सेवा बिस्तार गरेको छ । आफ्नो पायक पर्ने स्थानमा सम्बन्धित ठाउँको कार्यालयमा सम्पर्क गरी सम्बन्धित क्षेत्रका नेपाली प्रतिनिधिले रोजगारीका बारेमा जानकारी गराउने यस कम्पनीको प्रावधान रहेको छ । के-लाइनले धेरै भन्दा धेरै नेपालीहरूलाई काम गर्न सजिलो र सहज वातावरण निर्माण गर्न नेपाली भाषानुवादकको पनि ब्यवस्था गरेको छ । जापानमा रहेका नेपालीहरूले भाषाको समस्या भोग्न नपरोस् भन्ने हेतुले के-लाइन अन्तर्गत हाल २२ जना नेपाली जापानी भाषानुवादकहरू स्थायी कर्मचारीकारूपमा कार्यरत रहेका छन् ।
१. यस कम्पनीमा आफ्नै देशका सिनियर नेपाली कर्मचारीहरू कार्यरत रहेकोले नवप्रवेशीहरूका लागि पनि ढुक्कसंग काम गर्ने वातावरण उपलब्ध छ । हाल यस कम्पनीमा २२ जना नेपालीहरू स्थायी कर्मचारीकारूपमा कार्यरत हुनुहुन्छ । कम्पनीमा कार्यरत आरूबाइतो तथा पार्टटाइम कर्मचारीहरूलाई भाषानुवाद गरी सहजीकरण गर्ने उहाँहरूको मुख्य काम रहेको छ ।
२. कार्यक्षमतामा आधारित अरिरिक्त तलब सुविधाः कार्यरत कर्मचारीहरूले निर्धारित तलव स्केल बाहेक कार्यसम्पादन, योगदान र पर्फमेन्सको आधारमा अतिरिक्त तलव सुविधा पाउँछन् । कम्पनीमा कार्यरत पार्टटाइम तथा आरूबाइतो कर्मचारीहरूसंग प्रभावकारी संवादशैली, उत्कृष्ट नेतृत्वदायी भूमिका निर्बाह गर्ने स्थायी कर्मचारीको उचित मुल्याङ्कन गरी तलव स्केल बृद्धि हुन्छ । यस कम्पनीमा कडा मिहिनेत गरेको आधारमा मात्र तलब बढ्ने नभई, कार्यसम्पादनमा उत्कृष्टता प्रदर्शन गरेको र कार्यक्षमतामा अब्बल साबित गरेको आधार र उपलब्धि अनुसार पारिश्रमिक पनि प्राप्त गर्न सकिने ब्यवस्था छ । कम्पनीको योजनामा स्पष्ट उल्लेख





नभएता पनि विशेष अवसरहरूमा सवारी चालक अनुमति पत्र बाहक र जेएलपिटी भाषा परीक्षामा 'एन वान' उत्तीर्ण कर्मचारीहरूका लागि प्रोत्साहन स्वरूप विशेष बोनस सुबिधा पनि उपलब्ध छ ।
३. कामको समयमा कर्मचारीहरूले आफ्नो केशको उचित ब्यवस्थापन गर्नुपर्दछ । हाल कम्पनीमा कार्यरत २२ जना नेपाली कर्मचारीहरूमध्य २ जनाले स्थायी अनुमति (एइज्युकेन) प्राप्त गरेका छन् भने २ जनाको आवेदन प्रक्रिया जारी छ । यसैगरी १ जनाले जापानी नागरिकता प्राप्त गरिसकेका छन् भने १० जनाले आफ्ना जीवनसाथीलाई जापान ल्याई सँगै बसोबास गरिरहेका छन् ।
कम्पनीले हरेक वर्ष नवप्रवेशी कर्मचारीहरूलाई विशेष प्रकारको अभिमुखीकरण तालीम दिदैं आईरहेको छ । जसअनुसार यस वर्ष पनि छनौट भएका नवप्रवेशी ६ जना नेपाली स्थायी कर्मचारीहरूलाई अभिमुखीकरण तालीम दिईएको छ । तालीममा उनीहरूलाई कम्पनीको जिम्मेवार स्थायी कर्मचारीका हैसियतले पालना गर्नुपर्ने आधारभुत नियम, भाषा एवं संवादशैली, सेवाग्राहीसंगको टेलिफोन संवाद, इमेल आदानप्रदान र बैठकको संयोजन कसरी गर्ने जस्ता महत्वपूर्ण विषयमा प्रशिक्षण दिईएको थियो । सो अवसरमा कम्पनीका वरिष्ठ अधिकारीहरूले नवप्रवेशी कर्मचारीहरूलाई दैनिक कार्यसम्पादनको टिपोट एवं रिपोर्ट, कम्पनीभित्र र बाहिर प्रयोग गरिने सम्मानजनक र अति सम्मानजनक भाषाहरूको प्रयोग र ब्यवहार, अनुशासित र समयनिष्ठ जीवनशैली अपनाउन ध्यान दिनुपर्ने विषयहरूका बारेमा प्रशिक्षण दिएका थिए । यसैगरी सिनियर नेपाली कर्मचारीहरूले कम्पनीको काम सम्बन्धि आ-आफ्ना अनुभव आदान-प्रदान गरेका थिए ।
कम्पनीका अधिकारीहरूका साथै सिनियर नेपाली कर्मचारीहरूको सहयोगी भावना र मैत्रिपूर्ण सद्भावले गर्दा यस कम्पनीमा काम गर्ने वातावरण सौहार्द्रपूर्ण रहेको यहाँ कार्यरत नेपालीहरू बताउँछन् ।
कम्पनीका कार्यकारी प्रमुख फुतागुची मासाखाजुका अनुसार के-लाइनको भावी कार्ययोजना भनेको जापानमा रहेका नेपालीहरूसंग सहकार्य गर्दै उनीहरूका लागि थप कार्यक्षेत्र बिस्तार गर्दै जाने रहेको छ । 'तसर्थ नेपालबाट आउनुभएका जो कोही नेपालीहरू जापानमा कामको समस्या छ भने निसंकोच हामीलाई सम्पर्क गर्नुहोला ।' - फुतागुचीले भन्नुभयो - 'भाषा, योग्यता र काम गर्ने ईच्छाशक्ति छ भने जापानमा रोजगारीका लागि हामी भरपर्दो सारथी बन्न तत्पर छौं ।'

# मानसिक स्वास्थ्यबारे जनचेतनाको अभाव

❑ नेस संवाददाता

टोकियो - मानिसको जीवनमा मानसिक स्वास्थ्य असाध्यै महत्वपूर्ण हुन्छ । हाम्रो खानपान, रहनसहन, पारिवारिक पृष्ठभूमि, संगत र शिक्षादिक्षा एवं परिवेशले मानसिक स्वास्थ्य स्थितिमा प्रभाव परेको हुन्छ । हरेक मानिसको बाल्यकालदेखिको स्कुलिङ, उसको बुझाई र चेतनाको स्तर र सोचाईको तह फरक फरक हुन सक्छ । र सोहीअनुसार मानिसले धारणा बनाउने आफ्नो प्रतिक्रिया जनाउने गर्दछन् । उपलब्ध सुविधा र प्रविधिले मानिसहरू यान्त्रिक हुँदै गईरहेका छन्, दैनिक जीवनका अत्यधिक समय उनीहरूको ग्याजेट प्रयोगमा बित्ने गरेका तथ्यहरू अध्ययनले देखाउने गरेका छन् । मानवीय संवेदना र सम्बन्धभन्दा यान्त्रिक मोहको कब्जामा अहिलेको मानव समुदाय फसेको छ ।
अर्कोतिर विदेशमा रहँदै गर्दा भाषा आदिका कारण हाम्रा अनेकौ उकुसमुकुसहरू शियर गर्ने उपयुक्त पात्र र प्लेटफर्मको अभावमा आफैभित्र दबाएर राख्नुपर्ने बाध्यता छ । यस्ता व्यक्तिहरूले न त उपचारका लागि अस्पताल जाने हिम्मत गरेका हुन्छन् न त आफ्नो समस्या अरू कसैलाई सुनाउने साहस गर्न सकेका हुन्छन् । यसरी मनको पीडाहरू थुप्रिदै जाँदा मान्छे मानसिक रोगको शिकार बन्ने, एन्जाइटी बढ्ने, डिप्रेशन हुने, फ्रस्टेशन भएर जीवनदेखि विरक्त हुने गरेको जानकारहरू बताउँछन् । यो भन्दा अझै स्थिति खराव हुँदै गएमा उनीहरूमा आत्महत्या गर्ने सम्मको सोचको विकास हुने गरेको मनोरोग विशेषज्ञहरूले बताउने गरेका छन् ।
एक्लै बस्न रूचाउने, मानिसहरूसंग घुलमिल हुन नचाहने, अनुहारमा उदासिनता, खुलेर कुरा नगर्ने, निद्रा नलाग्ने, खाना नरूच्ने, चरम निराशा, मनमा भय र त्रास जस्ता लक्षण देखिएमा तुरून्त मनोरोग विशेषज्ञसंग परामर्श गर्ने र उनीहरूको परामर्श अनुसार उपचार प्रक्रिया थाल्नुपर्ने जानकारहरूको सुझाव छ ।
जापानमा पछिल्ला समयमा नेपाली किशोर-किशोरीहरूको आत्महत्या दर बढेको छ । यो असाध्यै चिन्ताजनक विषय हो । यसबारेमा जनचेतनामुलक कार्यक्रमहरूको अति आवश्यकता छ । समस्याहरूको पहिचान, वर्गिकरण र समाधानका लागि संभावित प्रयासहरू थाल्न ढिला भईसकेको छ । यसतर्फ जिम्मेवार निकाय र संघसंस्थाहरूको बेलैमा ध्यान जान आवश्यक छ ।

# कब्जियतबाट बच्न यसो गरौं

❑ नेस संवाददाता

काठमाडौं - गलत खानपान, पानीको कमी र तनावका कारण हाम्रो पाचन प्रणाली प्रभावित हुन्छ । यसैकारण कब्जियतको समस्या उत्पन्न हुन्छ । यसलाई बेवास्ता गर्नु स्वास्थ्यका लागि हानिकारक हुन सक्छ र यसले पेट दुख्ने, ग्यास भरिएर पेट फुल्ने र अन्य पाचन सम्बन्धी समस्याहरू पनि निम्त्याउन सक्छ । कब्जियतलाई नियन्त्रण गर्न र पेटलाई स्वस्थ राख्न केही विशेष खानेकुरालाई आफ्नो दैनिक खानपानमा समावेश गर्न सकिन्छ । यस्ता खानेकुरामा फाइबर, पानी र पाचन प्रक्रियालाई मद्दत गर्ने प्राकृतिक तत्व पाइन्छन् ।
यसले पेटलाई नियमित रूपमा सफा राख्न मद्दत गर्छ । कब्जियत कम गर्न कुन कुन खानेकुरा लाभदायक हुन्छन् र तिनलाई आफ्नो आहारामा कसरी समावेश गर्ने भन्ने विषयमा चर्चा गरौं ।
मेवाः मेवा फाइबर र पेपेन इन्जाइमले भरिपूर्ण हुन्छ । यसले पेटका मांसपेशीहरूलाई सक्रिय बनाउँछ र कब्जियत कम गर्छ । यसलाई काँचै, सलादमा वा स्मूदीको रूपमा खान सकिन्छ । गर्मी मौसममा चिसो मेवा खानाले पेट सफा रहन्छ र शरीरलाई हाइड्रेटेड पनि राख्छ ।
मुंगको दालः मुंगको दाल पचाउनका लागि सबैभन्दा सजिलो र हल्का खानेकुरा हो । यसमा फाइबर र प्रोटिन हुन्छ, जसले पेटमा खाना पचाउन मद्दत गर्छ । मुंगको दालबाट बन्ने खिचडी वा सुपले कब्जियत कम गर्न र पेटलाई आराम दिन धेरै फाइदा पुऱ्याउँछ ।
दहीः दहीमा प्रोबायोटिक्स हुन्छ, जसले पेटमा हुने राम्रा ब्याक्टेरियालाई बढाउँछ । यसले पाचन प्रक्रियामा सुधार ल्याउँछ र कब्जियतका लक्षणहरूलाई कम गर्छ । दैनिक एक वा दुई कचौरा दही खानाले पेट हल्का रहन्छ । यसको सेवनले ग्यास र एसिडिटी जस्ता समस्याबाट राहत दिन्छ ।आलसः आलस फाइबर र ओमेगा ३ फ्याटी एसिडको राम्रो स्रोत हो । यसलाई भिजाएर वा धुलो बनाएर खाँदा कब्जियतको समस्या हट्छ । आलसले पेटलाई लामो समयसम्म भरिएको महसुस गराउँछ र पाचन प्रक्रियामा सहयोगी भूमिका खेल्छ ।
प्रशस्त पानी : पानी पेट र शरीरका लागि सबैभन्दा आवश्यक कुरा हो । पर्याप्त पानी पिउनाले दिसा नरम हुन्छ र पाचन प्रणाली सुचारू हुन्छ ।






# नेपाली समुदायको ...

पृष्ठ १ को बाँकी

भन्ने एकप्रकारको सन्देह पनि जनमानसमा नभएको होईन । उसो त नेपालको सन् १९५१, १९६०, १९९० का परिवर्तन पश्चात पनि तात्कालिन समयका युवा पुस्ताको उत्साहजनक उपस्थिति नभएको होइन तर साढे तीन दशकसम्म लगभग आलोपालो गरी केवल राजनीतिक रूपमा जगडिएर सत्तामा लामो समय रहने र उनीहरूबाट आर्थिक, सामाजिक रूपान्तरणमा भएको कम उपलब्धिका कारण जनतामा ब्याप्त निराशा र असन्तुष्टिले गर्दा पछिल्लो परिवर्तनको पक्षमा जनलहर गएको देखिन्छ । तथापि कतिपय कुराहरू कामबाट देखिने हो, सकारात्मक कोणबाट हेर्दा नेपालमा नयाँ युगको शुरू भएको छ । आशा गरौं, नेपाली जनताको अपेक्षा र देशको आवश्यकता अनुसार मुलुक अगाडि बढ्ने छ ।

**दर्जनौ मुलुकहरुमा रिक्त रहेको राजदूतहरु छनौट गर्ने क्रममा नयाँ सरकारको गृहकार्य सुरु भएको देखिन्छ, यस सम्बन्धमा यहाँको भनाई के छ ?**

राजदूत भनेको एक श्रेणीविहिन तह हो । शुरू-शुरूमा आवासीय राजदूतको प्रावधान थिएन । घुमन्ते राजदूतहरूबाटै काम चलाउने प्रचलन थियो । विगत शताब्दीदेखि आवासीय राजदूतको ब्यवस्था विश्वब्यापी प्रचलनमा आउनुका साथै अहिले संसारभरि नै विद्यमान प्रचलन के छ भने सरकार परिवर्तन भएलगत्तै सबै राजनीतिक नियुक्ति प्राप्त ब्यक्तिहरूले आफै राजीनामा गर्ने र सो नभए नयाँ सरकारले अघिल्लो सरकारले पठाएका राजदूतहरू फिर्ता बोलाउने र आफ्नो तजबिजअनुसार नयाँ नियुक्ति गर्ने भन्ने छ । पछिल्लो समयमा नेपालमा ५० प्रतिशत राजनैतिक नियुक्ति र ५० प्रतिशत व्यावसायिक कूटनीतिज्ञबाट नियुक्ति गर्ने भन्ने रहेको छ । मलाई लाग्छ यो बेकारको कुरो हो । राजदूत नियुक्ति सरकारको आफ्नो अधिकार क्षेत्रको विषय भएकोले गुण र उपयुक्तताको आधारमा नयाँ सरकारले उपयुक्त ब्यक्तिलाई राजदूत नियुक्ति गर्ने अपेक्षा गर्न सकिन्छ ।

**जापानका लागि अब आउने नेपाली राजदूत कस्तो हुनुपर्ला ? तत्सम्बन्धमा सम्बन्धित देशमा बस्ने नेपालीको आवाज पनि सुनुवाई हुने व्यवस्था गर्न सकिने संभावना बारे के भन्नुहुन्छ ?**

राजदूत नियुक्तिका सम्बन्धमा कहिलेकाँही के हुन्छ भने एउटा देशको चर्चा हुन्छ नियुक्ति अर्कै देशका लागि भईदिन्छ । अर्को तिर आकाँक्षीहरू धेरै हुँदा उनीहरूलाई व्यवस्थापन गर्न नयाँ राजदूतावास खोल्ने प्रचलन पनि छ । यी दुबै तरिका ठीक भएन । उपयुक्त मानिस उपयुक्त ठाउँमा हुनुपर्दछ । जापानका बारेमा जानकार राख्ने जापानका लागि राजदूत भएर काम गर्न सक्ने योग्य र खट्न सक्ने सक्रिय मान्छे पठाउनुपर्दछ । नेपाली समुदायमा घुलमिल हुन सक्ने, अपनत्व र अभिभावकत्व दिलाउन सक्ने ब्यक्ति उपयुक्त हुन्छ जस्तो मलाई लाग्छ । नेपालका लागि जापान एक असल र महत्वपूर्ण मित्रराष्ट्र हो । वर्तमान सरकारले उपयुक्त ब्यक्तिलाई नै जापानका लागि राजदूत बनाउने छ । किनभने मित्रराष्ट्र जापानका लागि कस्तो ब्यक्ति पठाउँदा उपयुक्त हुन्छ भन्ने बारे अहिलेका सरकारमा रहनुभएका सबैजसो जानकार नै हुनुहुन्छ । यसैगरी जापानका नेपाली समुदायको मनोभावना पनि अहिलेको सरकार र सत्तासिन दल बेखबर छ जस्तो मलाई लाग्दैन ।

**नेपाल-जापान कूटनीतिक सम्बन्धको ७० औं वर्षगाँठ चलिरहेको सन्दर्भमा नेपालले यस अवसरलाई कसरी उपयोग गर्न सक्छ ?**

नेपाल र जापानबीचको कूटनीतिक सम्बन्ध र यसका आयामहरू निकै पुराना र फराकिला छन् । जापानले नेपाललाई पुऱ्याउँदै आएको खासगरी तीन प्रकारका सहयोगहरूमा अनुदान सहयोग, ऋण सहयोग र प्राविधिक सहयोग हुन् । अनुदान सहयोग र प्राविधिक सहयोगको दायरा साँगुरो हुने भएकोले फराकिलो दायरा रहेको ऋण सहयोग नेपालको राजनैतिक अस्थिरताको कारण देखाउँदै जापानले सन् २००१ देखि १२ वर्षसम्म स्थगन गरेको थियो, जुन सन् २०१३ देखि पुनः सुचारू भएको हो । जसअनुसार नागढुंगा सुरूङमार्ग, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल बिस्तार, तनहुँ हाइड्रो लगायतका मेगा प्रोजेक्टहरू सञ्चालन भएका हुन् । नेपाल-जापान कूटनीतिक सम्बन्धको ७० औं वर्षगाँठका अवसरमा नेपालले परिवर्तित समय र सन्दर्भ अनुसार नयाँ नयाँ संभावनाहरूको खोजी गरी सहयोग आदान-प्रदानमा थप बिस्तार गर्न सक्दछ । जस्तै, नेपालमा उत्पादन हुने फापर, बेसार, अदुवा जस्ता कृषिजन्य उपजलाई व्यवसायीकरण गरी जापानको बजारमा पुऱ्याउन सकियो भने नेपालको अर्थतन्त्रमा ठूलो टेवा पुग्नसक्छ । यस कार्यमा जापानमा रहेका नेपाली उद्यमी र जापानको निजी क्षेत्रको सहयोग महत्वपूर्ण हुने छ । मलाई के लाग्छ भने दुई देशबीचको सम्बन्धलाई पुनर्मुल्याङ्कन गरी खासगरी आर्थिक सहयोगको परिधिलाई थप फराकिलो बनाउने र प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने दिशामा नयाँ सरकारको ध्यान अवश्य जाने छ । ७० औं वर्षगाँठको अवसरमा जापानमा रहनुभएका तमाम नेपाली दाजुभाइ तथा जापानी मित्रहरूमा हार्दिक शुभकामना ब्यक्त गर्न चाहान्छु । हामी सबैको संयुक्त प्रयासबाट नेपाल र जापानबीचको सम्बन्धलाई अझ अगाडि बढाऔं ।

**जापानमा नेपाली राजदूतावास स्थापनाको ऐतिहासिक पृष्ठभूमि र राजदूतहरुका बारेमा संक्षिप्त प्रकाश पारिदिनु हुन्छ कि ?**

नेपाल-जापानको कूटनैतिक सम्बन्ध स्थापना सन् १९५६ को सेप्टेम्बरमा भएको भएता पनि जापानमा नेपाली राजदूतावास सन् १९६५ मा स्थापना भएको हो । त्यतिबेलासम्म जापानका लागि नेपाली राजदूतावास भारतको दिल्लीमा थियो । भारतको नयाँदिल्लीमा रहेको जापानको लागि नेपाली राजदूतावासमा पहिलो राजदूत भएर जानेमा दमन शमशेर र त्यसपछि क्रमशः नरप्रताप शमशेर थापा र प्रो. यदुनाथ खनाल गरी तीन जना राजदूतले दिल्लीमा बसेर काम गर्नुभएको थियो । कहिलेकाँही काम पर्दा मात्र उहाँहरू जापान आउने-जाने गर्नुहुन्थ्यो । त्यसपछि सन् १९६५ मा जापानमा राजदूतावास खुलेपछि पहिलो राजदूत भएर जानेमा भरतराज राजभण्डारी हुनुहुन्थ्यो भने त्यसपछि क्रमशः प्रकाशचन्द्र ठाकुर, डा. यादवप्रसाद पन्त, डा. बद्रिप्रसाद श्रेष्ठ, नारायणप्रसाद अर्जेल, डा. भारतप्रसाद धिताल, बिष्णुहरि नेपाल, केदारभक्त माथेमा, डा. रमेशानन्द वैद्य, गणेश योञ्जन तामाङ, म आफै (डा. मदनकुमार भट्टराई), प्रतिभा राणा र डा. दुर्गाबहादुर सुबेदी क्षेत्री जापानका लागि नेपाली राजदूतको जिम्मेवारीमा रहेका थियौं । जापानले भने नेपाल (काठमाडौं) मा सन् १९६८ मा आफ्नो राजदूतावास खोलेको हो ।

**७० औं वर्षगाँठ पुग्दासम्म नेपालका लागि जापानजस्तो महत्वपूर्ण मित्रराष्ट्रमा नेपालको आफ्नै राजदूतावास भवन नहुनुमा नेपाल सरकारको ध्यान नपुगेको कि पहलकदमी नपुगेको, के लाग्छ यहाँलाई ?**

राजदूतावास भवनका सम्बन्धमा मेरो प्राथमिकता सरकारी स्तरमै उपलब्ध जग्गा र भवन लिने भएकोले जापानको नियम अनुसार चल्नुपर्ने र पालना गर्नुपर्ने प्रावधानहरूलाई ध्यानमा राख्दै जापान सरकार र नेपाल सरकारबीच डिल गर्दा उपयुक्त हुने देखिएकोले मेरो पालामा १, २ वटा प्रस्ताव पेश गरिएको पनि हो । तर विभिन्न कारणले गर्दा त्यो अगाडि बढ्न सकेन । जापानमा नेपाली राजदूतावास भवन जरूरी छ । जापान जस्तो नेपालका लागि महत्वपूर्ण मित्रराष्ट्रमा हाम्रो स्थायी दूतावास आवश्यक छ, यसलाई पहिलो प्राथमिकतामा राख्नुपर्दछ । यसका लागि नयाँ सरकारको ध्यानाकर्षण गराउनुपर्दछ ।

**करिव ३ लाख नेपाली रहेको जापानमा जनशक्ति अभावका कारण दूतावासमा समस्या भईरहेको सन्दर्भमा कर्मचारी थपका लागि के गर्न सकिएला ? यहाँको सुझाव के छ ?**

म राजदूत भएको बेलामा पनि यो बिषय नउठेको होइन । म फर्केपछि १ जना अधिकृत स्तरको दरबन्दी थप भएको थियो । राजदूताबासका लागि कर्मचारीको दरबन्दी थप्ने विषय परराष्ट्र मन्त्रालयको मात्रै हात हुँदैन । यसमा अर्थ मन्त्रालय पनि जोडिएको हुन्छ । म भएको बेलामा पनि मैले निकै प्रयास गरेका हो तर नसकेकै हो । मलाई लाग्छ यसबारेमा अबको नयाँ सरकारको अवश्य ध्यान जाने छ । पहल र प्रयासलाई जारी राख्दै कतिपय अवस्थामा मन्त्रालयको मात्र भर नपरी स्थानीय जनशक्ति नियुक्ति गरेर पनि काम चलाउन सकिन्छ । किनभने भाषा, उपलब्धता र खर्चका हिसाबले स्थानीय जनशक्ति उपयुक्त देखिन्छ । यसैगरी दूतावासको कामको बोझलाई विकेन्द्रीकरण गरेर प्रविधिको उपयोग गर्दै अन्य सहरहरूबाट पनि सेवा प्रवाह गर्ने बारे सोचिनुपर्दछ । यसबाहेक सेवाग्राहीहरूको सुबिधालाई ध्यानमा राख्दै सार्बजनिक विदाको समयमा पनि राजदूतावासबाट अत्यावश्यक अतिरिक्त सेवा उपलब्ध गराउन सकिन्छ । दूतावासबाट प्रवाह हुने सेवालाई सकेसम्म अनलाइन सिष्टमबाट गर्न सकिने सुविधा बढाउँदै लैजानुपर्दछ ।

**राजदूतहरुको काम, कर्त्तब्य र अधिकार क्षेत्रका बारेमा नेपाल सरकारले उनीहरुलाई समय समयमा अभिमुखीकरण लगायतका विभिन्न कार्यक्रमहरुमार्फत ध्यानाकर्षण गराउँछ होला, तर कतिपय राजदूतहरु अलि अस्वभाविक लाग्ने झिनामसिना कार्यक्रमहरुमा भ्याई-नभ्याई गरेर कार्यकाल गुजारेको पनि देखिन्छ, राष्ट्रकै प्रतिधिनित्व गर्ने जिम्मेवार राजदूतहरु स्वयम गम्भीर नभएको हो कि, राज्यको अनुमगन नपुगेको ?**


राजदूतहरू मुख्यतया कूटनीतिक सेवाबाट गएका र अर्को राजनैतिक नियुक्ति पाएर जाने गरी दुईप्रकारका राजदूतहरू हुन्छन् । उनीहरूका लागि परराष्ट्र मन्त्रालयले अभिमुखीकरण कार्यक्रम गर्छ तर तर त्यो पर्याप्त छैन । अर्को कुरो राजदूत भएर जानेहरू पनि त्यति गम्भीर भएको पाईदैन । यदाकदा अभिमुखीकरणमा मलाई पनि वक्ताकारूपमा बोलावट आएर जाने गरेको छु । कतिपय राजदूतहरू आफूलाई सबैकुरो थाहा भएको झैं गरी अभिमुखीकरण लिन आवश्यक नपर्ने जस्तो गर्दै भाग नै लिदैंनन् भने कतिपय राजनैतिक नियुक्ति पाएका शक्तिकेन्द्र निकट राजदूतहरू परराष्ट्र मन्त्रालयप्रति उत्तरदायी हुँदैंनन् । हामीकहाँ यदाकदा राजदूतलाई मन्त्री सरह भन्ने प्रचलन पनि छ यो गलत छ, यसले कतिपय अवस्थामा असजिलो अवस्था सिर्जना हुन सक्छ र गलत सन्देश जान सक्छ । राजदूत पद श्रेणीबिहिन पद हो । जहाँसम्म राजदूतहरूको कम महत्वपूर्ण क्षेत्रमा सक्रियता र क्रियाशिलताको कुरो छ राष्ट्रको प्रतिनिधि जस्तो जिम्मेवारीमा बसिसकेपछि सोहीअनुसारको क्रियाकलाप नागरिक स्तरबाट अपेक्षा हुनु स्वाभाविक छ । राजदूतहरू संवेदनशील र गम्भीर हुनैपर्छ ।

**जापानका लागि नेपाली राजदूत हुँदा सबैभन्दा गर्व गर्न लायक आफुले गरेका कार्यहरु स्मरण गर्नुपर्दा ?**

नेपालमा गएको सन् २०१५ को महाभूकम्पको बेला भूकम्प पीडितहरूका लागि जापानी र नेपाली समुदायसंग मिलेर करिव ६४ करोड रूपैंया राहत सहयोग संकलन गरेर प्रधानमन्त्री राहत कोषमा नेपाल पठाउने अवसर मेरो लागि अविस्मरणीय छ । त्यसैगरी सर्बोच्च शिखर समगरमाथाको पहिलो महिला आरोही जुन्को ताबेईसंग मिलेर च्यारिटी कार्यक्रम, सर्बोच्च शिखर सगरमाथाका ज्येष्ठ आरोही युइचिरो मियुरासंगको सहकार्यमा नेपालमा स्कुल भवन निर्माण तथा गर्भवती महिलाका लागि राहत विशेष च्यारिटी कार्यक्रम, सगरमाथा आरोहणको ६० औं वार्षिकोत्सव मनाउने कार्य, जापानको कोया सहर लुम्बिनीसंग भगिनी सम्बन्धको स्थापना, ४८ महिना जापान बस्दा स्कुल, कलेज, संघसंस्था, दूतावासहरू गरेर ४४ वटा लेक्चर दिने कार्य र सबैभन्दा महत्वपूर्ण काम २००१ देखि बन्द भएको जापानले नेपाललाई उपलब्ध गराउँदै आएको ओडिए (अफिसियल डेभलपमेन्ट एसिष्टेन्स) लोन २०१३ मा मैले नै खुलाउने अवसर पाएँ । जसले गर्दा नेपालमा ठूला, ठूला प्रोजेक्टहरू पुनः सञ्चालनमा आईरहेका छन् ।


**जापानका लागि पूर्व नेपाली राजदूत भएर काम गरेको अनुभवको आधारमा यहाँको दृष्टिकोणमा जापानी जनता कस्तो लाग्छ ?**

जापानी जनता जति नम्र मैले अन्त कहिँ पनि पाएको छैन । शिष्टाचारका हिसाबले जापानीहरू संसारमै अगाडि छन् । उनीहरूले नेपालीलाई गर्ने माया र नेपालप्रतिको सद्भाव जुन छ त्यो अपूर्व नै छ । यसलाई कायमै राखेर हामी बीचको सम्बन्धलाई अझ अगाडि बढाउँदै लैजानुपर्छ भन्ने मलाई लाग्छ ।









**तपाईको अनुभवमा जापानको नेपाली समुदाय कस्तो पाउनुभयो ?**

लामो कूटनैतिक जीवनमा भोगेका अनुभवको आधारमा भन्नुपर्दा जापानमा रहेका नेपाली समुदायलाई मैले महत्वपूर्ण हिसाबले हेर्ने गरेको छु । ब्यक्तिगत हिसाबले भन्नुपर्दा म ४ वर्ष जापानमा रहँदा त्यहाँको नेपाली समुदायको सर्बोपरी सहयोग र सद्भाव अवश्य छँदै छ, मैले अन्य देशमा काम गर्दा भेटेका नेपाली समुदाय र जापानको नेपाली समुदायबीच एक तात्विक भिन्नता पाएको छु । जापानमा रहेको नेपाली समुदाय बढी व्यावसायिक र उद्यमी हुनुका साथै उनीहरूले देशको अर्थतन्त्रमा योगदान पुऱ्याउन ठूलो सहयोग गर्दै आईरहेका छन् भने जापानको अर्थतन्त्र उकास्नमा पनि सक्दो सहयोग गर्दै आईरहेका छन् ।

**अब जापान कहिले आउनुहुन्छ ?**

जापानका लागि राजदूतको कार्यकाल समाप्त गरी नेपाल फर्केको पनि १० वर्ष पुगिसकेको छ । यसै मेसो पारेर म र मेरी श्रीमती आउँदो मे महिनाको दोस्रो साता निजी भ्रमणका लागि जापान आउँदै छौं । आशा छ, जापानमा रहनुहुने धेरैभन्दा धेरै मित्रहरूसंग भेटघाट हुने नै छ ।

**अन्तमा, जापानमा बस्ने नेपालीहरुलाई यहाँको सन्देश के छ ?**

जापान जस्तो मुलुकमा बसेर नेपालीहरूलाई सूचनाको सेवा प्रवाह गर्ने उद्देश्यले नेपाली भाषामा प्रकाशन भईरहेको पत्रिकालाई विगत अढाईदशकदेखि निरन्तरता दिईरहनुभएको छ, अझै प्रगति र निरन्तरताको कामना गर्दछु । यसै पत्रिका मार्फत नेपाली नयाँ वर्ष २०८३ को अवसरमा जापानबासी नेपाली दाजुभाइ, दिदीबहिनीहरू तथा जापानी मित्रहरूमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्न चाहान्छु ।

GMT International
Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka